जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २४३ • २०८१ साल माघ १५ गते मंगलबार (28 January, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मोर्चा गठनका लागि अवधारणा र एजेण्डा तय गरिने



टुडे समाचारदाता

जनकपुरधाम । मधेशकेन्द्रित राजनीतिक दलहरूले मोर्चा गठन गर्नका लागि आठ सदस्यीय कार्यदल गठन गर्ने भएको छ।

सोमबार बसेको आठवटा राजनीतिक दलका नेताहरूको बैठकबाट आगामी बिहीबारसम्म प्रत्येक दलबाट कार्यदलमा रहने एक/एक जना नेताको नाम टुंग्याउने निर्णय गरिएको छ।

मधेश केन्द्रित दल सम्मलित मोर्चाका गतिविधिमा सक्रिय राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता केशव झाले जनाए अनुसार बिहीबारसम्म कार्यदल गठन सबै दलका अध्यक्षसहितको बैठक बस्ने जनाइएको छ।

सो कार्यदलले मोर्चाको अवधारणा, एजेन्डा र मोडल तय गर्ने छ। झाले भने, 'अवधारणा, एजेन्डा, मोडल तयार गरेर सबै अध्यक्षसँग छलफल गरेर बैठक गर्ने निर्णय भएको छ।'

उनले सोमबार बैठकमा जनता समाजवादी पार्टीबाट रेणु यादव, जसपा नेपालबाट मनिष सुमन, जनमत पार्टीबाट अब्दुल खान, लोसपा नेपालबाट सवेन्द्रनाथ शुक्ल, नागरिक उन्मुक्तिबाट लालवीर चौधरी र गंगा चौधरी, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट केशव झा र सन्तोष मेहता, जनता प्रगतीशील पार्टीबाट हृदयेश त्रिपाठी र डा. शिवजी यादव र तराई मधेश लोकतान्त्रिक पार्टीबाट वृषेशचन्द्र लाल बैठकमा सहभागी रहेका थिए।

यसैबीच राष्ट्रिय मुक्ति पार्टी नेपालले वृहत् संयुक्त मोर्चा निर्माण गर्ने उद्देश्यले कार्यदल गठन गरेको जनाएको छ। रामनरेश रायको संयोजकत्वमा गठन गरिएको कार्यदलमा सुमन सायमी, केशव झा, सन्तोष कुमार मेहता, अनिल कुमार महासेठ, सिएन थारु र जुनतारा पुन मगर सदस्य रहेका छन्।










# बाढी पहिरो प्रभावितहरुको लागि इनड्राइभद्वारा घर निर्माण

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्म इनड्राइभले नेपालका बाढी र पहिरोबाट पीडितहरूलाई अति आवश्यक राहत उपलब्ध गराउन राष्ट्रिय विपद् व्यवस्थापन केन्द्रसँग सहकार्य गरेको छ। इनड्राइभले बाढी पहिरो प्रभावित परिवारहरूकालागि ५ वटा आवास(घर)निर्माण गर्न एवम् अन्य आवश्यक सामग्रीहरू वितरणगर्न रु.३३,५५,५००( २५,०००अमेरिकन डलर ) सहयोग गरेको हो ।

पीडितहरुको आवश्यकता पुरा होस् भनेर इनड्राइभले स्थानीय समुदायसँग मिलेर उक्त आवासहरु निर्माण गरीरहेको हो। नमोबुद्ध नगरपालिकाको वार्ड नं. १० स्थित दाप्चामा २ वटा,लास्कोट गाउँमा एउटा र पनौती नगरपालिकास्थित रोशी गाउँको वार्ड नं.१२ मा २ वटा र गरी ५ वटा आवासहरु समुदायकामानिसहरुलाई सहयोग गर्ने र आवश्यकता अनुसार दीगो समाधान प्रदान गर्ने कुरामा विश्वास गर्छौं। हामी सन्चालन हुने ठाउँहरुमा सकरात्मक् प्रभाव पार्नुपर्छ भन्ने हामी विश्वास राख्छौं ।राष्ट्रिय विपद् व्यवस्थापन केन्द्रसँग सहकार्य गरेर हामीले प्राकृतिक प्रकोपबाट प्रभावित परिवारहरुलाई आश्रय प्रदान गर्ने मात्रनभै भावी जीवन अझ राम्रो बनाउनमिल्ने आश्रयको व्यवस्था गरेका छौं। यस सहकार्यले राहत वितरणको प्रयास र प्रभावित परिवारमा आशाको किरण छर्ने हाम्रो प्रतिबद्धतालाई प्रष्ट पारेको छ।"

इनड्राइभका एसिया प्यासिफिक रिजनल डाइरेक्टर मार्क टलीले भन्नुभयो,"सामाजिकअन्यायलाई चुनौती दिने मिसनमालागि परेको इनड्राइभ सन २०३० कोअन्त्यसम्म एक अर्ब



निर्माण भईरहेका छन्। यी आवासहरु जाडो गर्मी बार्है मास बस्न उपयुक्तहुने तवरले निर्माण गरिएका छन्। बाँस र माटोको प्रयोग गरेर बनाइएको हुनाले यी घरहरु टिकाउ र दिगो रहेका छन्। हरेक घरमा २ वटा बेड रुम, अगाडिपट्टीबार्दली र शौचालय र किचन, डाइनिङ रलिभिङको लागि एउटा कोठा रहेको छ। चिसोमा न्यानो र गर्मीमा शीतल हुने किसिमले व्यवस्था गरिएको छ। यी घरहरुमा जाडोमा तापक्रम ११ डिग्री सेल्सियस भन्दा तल नजाने र गर्मीमा ३० डिग्री भन्दा माथि नजाने जानकारी दिइएको छ।

घर निर्माणका साथसाथै इनड्राइभले नमोबुद्ध नगरपालिकाको वार्डनं.१०का पीडित परिवारहरुलाई कम्बलहरु पनि प्रदान गरेको छ।

इनड्राइभका एसिया प्यासिफिक कम्युनिकेसन लिडपवितनन्दा आनन्दले भन्नुभयो,"हामी मानिसको जीवनमा सकारात्मकप्रभावपार्न प्रतिबद्ध छ। दीगो समाधान र अर्थपूर्ण कामहरु मार्फत सामुदायिक हितको लागि हामीले राष्ट्रिय विपद् व्यवस्थापन केन्द्रससँग सहकार्य गरेका छौं। यस सहकार्यले हाम्रो विश्वासलाई मुर्त रुप दिएको छ प्राकृतिक प्रकोपबाट प्रभावित परिवारहरुलाई अस्थायी बसोबास मात्रनभएर हामीले यस्तो समाधान दिएका छौं जहाँ उनीहरुले आफ्नो जीवन नयाँ तरिकाले शुरुवात गर्न सक्नेछन्। चुनौतीपूर्ण समयमा सहायता प्रदान गर्ने र दीगो समुदाय निर्माण गर्ने हाम्रो प्रतिबद्धतालाई यस सहकार्यले मुर्त रुप दिएको छ। हामी नवीन, दिगो पहलहरू मार्फत सामुदायिक सशक्तिकरण गर्न समर्पित छौं। हाम्रो मिशन भनेको हामी सन्चालन भएको हरेक समुदायको आवश्यकतालाई सम्बोधन गरेर सकारात्मक प्रभाव पार्नु हो।"

# आठौं चेम्बर एक्स्पो यही माघ १७ देखि




काठमाण्डु । नेपाल चेम्बर अफ कमर्शको आयोजनामा आठौं संस्करणको चेम्बर एक्स्पो, २०२५ यही माघ १७ गतेदेखि काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुनेभएको छ । अन्तर्राष्ट्रिय स्तरका सफ्टवेयर र आर्टिफिसियल इन्टेलिजेन्सी (एआई) परियोजनासहित एक्स्पो आयोजना हुन लागेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

स्थानीय उत्पादनको प्रबर्द्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्यले एक्स्पो आयोजना गर्न लागिएको चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले बताउनुभयो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको सहकार्यमा एक्स्पो आयोजना गर्न लागिएको हो । एक्स्पोमार्फत नेपाली उत्पादनको बजारीकरणलाई विशेष जोड दिँदै व्यावसायीक क्षेत्रलाई एकीकृत गर्ने उद्देश्य लिइएको उहाँको भनाइ छ।

चेम्बरका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले नेपालको सूचना प्रविधि उद्योगलाई अन्तर्राष्ट्रिय आईटी कम्पनीको 'ब्याकअप'का रुपमा विकास गरिनुपर्नेमा जोड दिनुभयो। व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका कार्यकारी प्रमुख शरद विक्रम राणाले देशभित्र खपत हुने सफ्टवेयरको प्रयोग गर्दा आन्तरिक उत्पादन एवं प्रतिस्पर्धाकै आधारमा चयन गरिनुपर्नेमा जोड दिनुभयो । क्षेत्रीय एवं अन्तर्राष्ट्रिय व्यापारिक समुदायको प्रत्यक्ष सहभागिताले अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका आर्थिक गतिविधि, प्रविधिको प्रयोग एवं व्यापार व्यवस्थापनका नयाँ आयामलाई नजिकबाट नियाल्न एक्स्पो सहयोगी हुने एक्स्पो समितिका सभापति राष्ट्रभुषण चाकुबजीले बताउनुभयो । चेम्बर अफ कमर्शका सूचना प्रविधि समति सभापति विज्ञान श्रेष्ठले एक्स्पोमा यसपटक आईटी उत्पादनहरुलाई उच्च प्राथमिकतामा राखिएको बताउनुभयो।

विगतमा झैं यस वर्ष पनि एक्स्पोमा कृषिजन्य वस्तु, हस्तकला, लत्ताकपडाका सामान, अटोमोबाइल, विद्युतीय सामग्री, घरेलु उपकरण, कपडा, फर्निचर, गार्मेन्ट, छालाका सामान, गहनाका सामान, सौन्दर्य प्रशाधन, खाद्यान्न तथा दुग्ध उत्पादन प्रदर्शनीका लागि राखिनेछन् । एक्स्पोमा नेपाल, बङ्गलादेश, भारत, चीन, थाइल्याण्ड, युएई, दक्षिण कोरिया, मलेसिया, पाकिस्तानलगायतका देशमा उत्पादित वस्तुहरुको समेत प्रदर्शनी हुनेछ । कूल एक सय २५ भन्दा बढी स्टल रहने एक्स्पो कम्तीमा ५० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकको छ।रासस

# मिटरब्याज पीडितहरूद्वारा सडकमै धर्ना



**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज पीडितहरूले आर्थिक शोषणविरूद्ध जनजागरण अभियान अन्तर्गत सडकमै धर्ना दिएको छ । मिटरब्याजविरूद्ध किसान मजदुर आन्दोलन नेपालले सोमबारदेखि जनकपुरधामबाट अभियानको थालनी भएको भन्दै सडकमै धर्ना दिएर शुरु गरेको छ।

मिटरब्याजविरूद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाले सडक आन्दोलनबाटै अभियानको शुरुवात गरिएको जनाए।

उनले मिटरब्याजको विरूद्ध आन्दोलनको बिस्तार गर्दै अब यस अभियानलाई अदालतविरूद्ध पनि चरम रूपमा अघि बढाइने बताए।

अध्यक्ष कुशवाहाले मिटरब्याजविरूद्ध संसदमा कानुन बनेको भए पनि यसको कार्यान्वयनमा ढिलाई भइरहेको र यस मुद्दामा ६० हजार निवेदन परेको भए पनि अहिलेसम्म १० प्रतिशत पनि पीडितहरूको मुद्दा समाधान नभएको बताउँदै आक्रोश पोखे।

उनका अनुसार राज्यको प्राथमिकतामा मिटरब्याज पीडितहरूको मुद्दा नरहेको र यदि यही स्थिति जारी रह्यो भने आन्दोलनको रूप परिवर्तन गर्ने चेतावनीसमेत उनले दिए।

यस्तै मिटरब्याजविरूद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रीय महासचिव मनोज कुमार पासवानले सरकारसँग तीन चरणको वार्ता भए पनि सम्झौताका विषयहरू कार्यान्वयन नगरी चौथो चरणको आन्दोलनको शुरुवात गरिएको बताए।

उनले देशभर मिटरब्याज पीडितहरू शोषणमा रहेका भन्दै मिटरब्याजको समस्यालाई पहिचान गर्न गठन गरिएको कार्यदलले कुनै कार्य परिणाम नआएको बताए। उनले राज्यका निकायहरूले पीडितलाई झनै पीडित बनाएको बताए।

सो अभियानको मुख्य उद्देश्य आम उत्पीडित जनसमुदायलाई संगठित र प्रशिक्षित गर्दै न्यायको निमित्त अन्तिम संघर्ष गर्ने संकल्पका साथ जागरुक पार्नु रहेको उनले बताए।

# प्रोटनको इभी कार नेपाली बजारमा ल्याउने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । जगदम्बा मोटर्सले नेपालमा मलेसियन प्रोटन इमास ७ इभी कार ल्याउने भएको छ।

मलेसियामा गत डिसेम्बरमा लन्च भएको प्रोटनको इभी इमास ७ कार अब नेपाली बजारमा आउने भएको हो।

प्रोटनले मलेसियापछि नेपालसहित त्रिनिदाद र टोबैगो, सिंगापुर र मौरिशसमा पनि 'इमास ७' इभी लन्च गर्ने तयारी गरेको छ । प्रोटन 'इमास ७'प्राइम र प्रिमियम गरि दुई भेरीयन्टमा उपलब्ध रहेका छन्।

प्रोटन 'इमास ७'ले आसियान एनक्यापबाट ५ स्टार सुरक्षा मूल्याङ्कन प्राप्त गरेको छ र यसले कुल ९२.५७ अंक प्राप्त गरेको छ। जसमा वयस्क यात्री सुरक्षामा ३९, बाल यात्री सुरक्षामा १७.३२, सुरक्षा सहायतामा २० र मोटरसाइकल चालक सुरक्षामा १६.२५ अंक प्राप्त गरेको छ।

यी मूल्याङ्कनहरूले 'इमास ७'ले यात्री र सडक प्रयोगकर्ताहरूको सुरक्षा प्राथमिकतामा राखेको स्पष्ट हुन्छ।

शंकर ग्रुपको टू ह्विलर र फोर ह्विलरको नेपालका लागि आधिकारिक विक्रेता रहेको जगदम्बा मोटर्सले जनवरी महिनामै डेमो कार काठमाडौं ल्याउने बुझिएको छ भनेकम्पनिले आधिकारिक जानकारी नदिए पनि मार्चको तेस्रो सातासम्म नेपालमा लन्च गर्ने तयारी गरेको छ।

हाल नेपालमा इभी बजार आकर्षित भएको समयमा 'इमास ७'ले नेपाली ग्राहकहरूको आवश्यकता अनुसार उन्नत सुविधाहरू र अत्याधुनिक प्रविधि प्रदान गर्ने अपेक्षा गरिएको छ।

# नि:शुल्क निवेदन

**टुडे समाचारदाता**

रौतहट । रौतहट प्रहरी इकाइहरूमा निःशुल्क निवेदन लेख्न सुरु गरिएको छ। गरिबको लागी निःशुल्क निबेदन लेख्न रौतहट रौतहट प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक दिलीप घिमिरेले निर्देशन दिए लगत्तै रौतहट प्रहरीले विना शुल्क निवेदन लेख्न सुविधा मिलाएको छ।

प्रहरी उपरीक्षक घिमिरेको निर्देशनमा निःशुल्क उजुरी ठाडो निवेदन लेख्ने फर्मेट जिल्लाको प्रत्येक थाना चौकीमा पुगेपछि पहिलो चोटी कटहरिया नगरपालिका- ४ का रामकृपाल दासले आफनो घरायसी बिवाद भएपछि स्वंय ईलाका प्रहरी कार्यालय कटहरियाको प्राङ्गणमा प्रहरी जवान होमेन्द्र यादवको सहयोग निवेदन लेखेको दृश्य अहिले सामाजिक संजालहरूमा भाईरहल बनेको छ।

कटहरियामा बरिस्ठ पत्रकार संजय मिश्रले आफनो सामाजिक संजाल मार्फत प्रहरी युनिट अगाडि पैसा लिएर निवेदन लेख्ने काम भईरहेको भन्दै रौतहट प्रहरीलाई ध्यानाकर्षण गराएका थिए।

लगत्तै एसपी घिमिरेले निःशुल्क निवेदन लेख्न निर्देशन दिएका थिए। निर्देशन पछि प्रहरीले त्यसलाई कार्यान्वयनमा पनि ल्याएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादका अनुसार एसपी घिमिरेको निर्देशनमा ठाडो उजुरी निवेदनको लागी एउटा फर्मेटको



> फर्मेट प्रिन्ट गराएर प्रहरीले पीडितलाई दिन्छ, पढेलेखेका भएमा आफै भरेर बुझाउँछ, नभए उक्त फर्मेट प्रहरीले नै भरेर दिन्छ।

ढाँचा तयार गरेर जिल्लाको सम्पूर्ण प्रहरी कार्यालयहरुमा पठाई सकिएको छ । सो फर्मेट प्रिन्ट गराएर प्रहरीले पीडितलाई दिन्छ, पढेलेखेका भएमा आफै भरेर बुझाउँछ, नभए उक्त फर्मेट प्रहरीले नै भरेर दिन्छ। फर्मेट ठाडो उजुरी निवेदन सरह हुने इन्स्पेक्टर उमाशंकरप्रसादले जानकारी दिएका छन्।

यसरी लेखिने निवेदनकै आधारमा प्रहरीले प्रारम्भिक कारबाही शुरु गर्ने जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। रौतहटमा घरायसी तथा सामान्य बादविवाद हुँदा पनि प्रहरी कार्यालयमा जाँदा बाहिरबाट सानो ठाडो उजुरी लेखाएर ल्याउन ५०० रुपैयाँ लेखाई दिनुपर्ने बाध्यता रहेको थियो। एसपी दिलीप घिमिरेको यस पहलको जानकारहरुले खुलेरै सराहना गरेका छन्।

# ग्यालेक्सी एस २४ अल्ट्रा र जि सिरिजमा प्राइस् ड्रप

**टुडे समाचारदाता**

काठमाण्डु । भ्यालेन्टाइन सिजनमा, सामसङ नेपालले ग्यालेक्सी जेड सिरिजका फोल्डेबल वा ग्यालेक्सी एस २४ अल्ट्रा स्मार्टफोनको साथ आफ्ना प्रियजनहरूसँग आफ्नो माया बाँड्न सहज पार्नकालागि, प्राइस् ड्रप तथा बोनस फ्री गिफ्ट रहेको अफर मार्फत अझ सुलभ मूल्यमा बजारमा उपलब्ध गराएको छ।

यो भ्यालेन्टाइन सिजनमा ग्यालेक्सी जेड फोल्ड ६, ग्यालेक्सी जेड फ्लिप ६ वा ग्यालेक्सी एस २४ अल्ट्रा (१२/२५६जिबि) आफ्नो प्रियजनहरुलाई गिफ्टको रुपमा खरिद गर्न चाहनु भएका ग्राहकहरुले सो खरिदमा रु.२५,०००/- सम्मको बचत गर्न सक्नु हुनेछन्। यस प्राइस् ड्रपका साथै ग्यालेक्सी जेड फोल्ड ६ को खरिद गर्दा रु.५,४९९/-मूल्य रहेको क्लियर केस र ग्यालेक्सी जेड फ्लिप ६को खरिदमा रु.५,४९९/-मूल्य रहेको सिलिकन केस पनिग्राहकहरुले निःशुल्क प्राप्त गर्न सक्नु हुने छन्।

साथै, देशभरका आधिकारिक सामसङ स्टोरहरूमा उपलब्ध सामसङ इनस्टा फाइनान्स सेवाबाट तपाईंले ग्यालेक्सी जेड सिरिजका स्मार्टफोनहरूलाई १८ महिनासम्म र ग्यालेक्सी एस२४ अल्ट्रालाई १२ महिनासम्मको अवधिभित्र ०% ब्याज दरमा सजिलो ईएमआईमा प्राप्तगर्न सक्नुहुन्छ। यो प्रक्रियालाई सहज बनाउनको लागि प्रमाणपत्रको रुपमा तपाईंलाई केवल आफ्नो नागरिकताको आवश्यक पर्नेछ।

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट शिवचोक जाने क्रममा मिति २०८१।९।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : मनिषा कुमारी साह**
**सिम्बोल नं.:** २१७०१११३
**रजिष्ट्रेशन नं.:** ७७१७११५१७
**ठेगानाः जनकपुरधाम-२, धनुषा**
**मो.नं.** ९८०४८२२४२०

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



आन्दोलन एका तर्फ पोज एका तर्फ : आन्दोलनको तस्बिर लिइरहदा आफ्नो जुंगाको पोज दिदै एक सर्वसाधारण। *तस्बिर : संजय कुमार यादव*

# राष्ट्रिय सोनाम ल्होछार महोत्सव मङ्गलबारदेखि

काठमाण्डु। सोनाम ल्होछार पर्वका अवसरमा मङ्गलबारदेखि तीन दिने सांस्कृतिक महोत्सव हुने भएको छ।

नेपाल तामाङ घेदुङका अध्यक्ष एवं राष्ट्रिय सोनाम ल्होछार समारोह मूल आयोजक समितिका संयोजक मोहन गोलेले सोमबार पत्रकार सम्मेलनमार्फत उक्त महोत्सवबारे जानकारी दिनुभएको हो।



सोनाम ल्होछार मन्जुश्री सम्वत् २८६१ डुल/सापुखी (सर्प वर्ष) पर्वका अवसरमा टुँडिखेलमा महोत्सव आयोजना गरिएको आयोजकले जनाएको छ। उक्त महोत्सव सम्पन्न गर्न एक सय ५१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। यसवर्ष 'मन्जुश्री सम्वत् २८६१ सोनाम ल्होछार भव्य रुपमा मनाऔँ, तामाङ भाषालाई सरकारी कामकाजी भाषा कार्यान्वयनमा अघि बढौँ' भन्ने मूल नारासहित महोत्सव मनाइँदैछ। अध्यक्ष गोलेले भन्नुभयो, "सोनाम ल्होछार-२८६१ डुल ल्हो (सर्प वर्ष) भएकाले हाम्रो कार्यक्रमस्थलको मुख्य स्टेजलाई पूरै सर्पको मुखाकृति आकारमा बनाइने भएको छ।"

महोत्सवमा परम्परागत सामग्रीसहितको स्टल रहनेछ भने स्वास्थ्य शिविर र तामाङ तथा आदिवासी जनजातिसम्बन्धी पुस्तक राखिने आयोजकले जनाएको छ। रासस

# बारा र पर्साबाट दुई हजार दुई सय ७२ क्वीन्टल धान खरिद

वीरगञ्ज। वीरगञ्जस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीले बारा र पर्सा जिल्लाबाट दुई हजार दुई सय ७२ क्वीन्टल सोनामन्सुली धान खरिद गरेको छ। कम्पनीले गत मङ्सिर २० गतेदेखि धान खरिद सुरु गरेको हो।

कम्पनीले यो हिउँदमा ३२ हजार क्वीन्टल सोनामन्सुली र १० हजार क्वीन्टल जिरामसिनो धान खरिद गर्ने योजना बनाएको छ। हालसम्ममा जिरामसिनो धान भने कृषकले बिक्रीका लागि ल्याएका छैनन्। कम्पनीका सूचना अधिकारी समीर दाहालले अपेक्षाकृत रुपमा किसानहरु धान बिक्री गर्न नआएको बताउनुभयो। "किसानले अपेक्षा गरेभन्दा कम धान बिक्रीमा ल्याउनुभएको छ", उहाँले भन्नुभयो, "उहाँहरुले फाट्टफुट दुई-तीन दिनमा एक गाडी धान लिएर आइरहनुभएको छ।"



कार्यालयले दैनिक चार बजेभित्र कृषकले ल्याएको धान तौलिन भ्याएमा सोही दिनभित्रै भुक्तानी गर्दै आइरहेको जनाएको छ। विगतका दुई वर्ष बजार मूल्यभन्दा सरकारले तोकेको समर्थन मूल्य कम भएपछि किसानले कम्पनीलाई धान बेचेका थिएनन्। सरकारले यो वर्ष सोनामन्सुली धानप्रति क्वीन्टल रु तीन हजार पाँच सय ८० रुपैयाँ ६२ पैसा समर्थन मूल्य तोकेको छ। त्यसैगरी जिरामसिनोको समर्थन मूल्य प्रतिक्वीन्टल रु चार हजार तोकेको छ।

यसैबीच, गत आवमा धान, चामल आयात घटेको छ। अघिल्ला आर्थिक वर्षहरुको तुलनामा गत आवमा वीरगञ्ज भन्सार हुँदै आयात हुने चामल आयातमा उच्च गिरावट आएको छ। भारत सरकारले धान, चामल निर्यातमा कोटा प्रणाली हटाएर थप २० प्रतिशत कर लाग्ने व्यवस्था गरेसँगै सो को प्रभाव नेपालमा देखिएको हो। कार्यालयका अनुसार गत आव २०८०/८१ मा रु आठ अर्ब २८ करोड ५५ लाख ४२ हजार मूल्य बराबरको २० करोड ८० लाख ९२ हजार चार सय ४८ किलो धान आयात भएको थियो। आव २०७९/८० को तुलनामा गत आवमा धान आयातको परिमाण ४४ दशमलव ६० प्रतिशतले घटेको हो।

आव २०७९/८० मा १३ अर्ब ७६ करोडको धान आयात गरिएको थियो। सो आवमा ३८ करोड ५५ लाख ८८ हजार तीन सय ३९ किलो धान आयात गरिएको थियो। गत आव २०८०/८१ मा वीरगन्ज भन्सार हुँदै रु एक अर्ब ७२ करोड ६२ लाख ५३ हजार मूल्यबराबरको एक करोड ३२ लाख ४१ हजार तीन सय ७३ किलो चामल आयात भएको छ। अघिल्लो आवको तुलनामा गत आवमा आयात भएको चामलको परिमाण ६३ दशमलव ८० प्रतिशतले कमी हो।

आव २०७९/८० मा भने रु दुई अर्ब ९५ करोड ९९ लाख ४४ हजार मूल्य पर्ने तीन करोड ६५ लाख ८२ हजार छ सय ८३ किलो चामल आयात भएको थियो।रासस

# आउँदो अधिवेशनबाट धेरै विधेयक पारित गर्न राजनीतिक प्रतिबद्धता आवश्यक छः सभामुख घिमिरे

काठमाण्डु। सभामुख देवराज घिमिरेले सङ्घीय संसद्को आउँदो अधिवेशनबाट संविधान र सङ्घीयता कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण विधेयक पारित गर्न राजनीतिक प्रतिबद्धताको खाँचो औँल्याउनुभएको छ।

संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख सचेतकसँगको छलफलपछि पत्रकारसँग कुराकानी गर्दै उहाँले संसद्को कामकारबाही र 'बिजनेस' दिने मामिलामा सरकार र राजनीतिक दलको सहयोग एवं समन्वय आवश्यक रहेको बताउनुभयो।

सरकारले अधिवेशनका लागि धेरै तयारी गरेको भने पनि पछिल्लो समय महत्त्वपूर्ण भनिएका विधेयक संसद् सचिवालयमा नआएको र दर्ता नभएको भन्दै उहाँले सबैले यसमा गम्भीर हुनुपर्ने बताउनुभयो।

"लोकतान्त्रिक प्रणाली अवलम्बन गरेका देशमा संसद् कति चलाउने, के-कस्ता विषयलाई प्राथमिकता दिने, कसरी अघि बढ्ने भन्नेबारे कार्ययोजना र कार्यतालिका आवश्यक हुन्छ। त्यस्तो कार्यतालिका बनाएर जानुपर्छ, त्यो नै व्यावहारिक र वैज्ञानिक कुरा हो भन्ने लाग्छ। हामीले एउटा पक्षले अड्को थाप्ने, अर्कोले त्यसैलाई बहाना बनाएर अर्कैतर्फ हिँड्ने अवस्था आउन दिनुहुँदैन। रासस

# कानुन प्रभावकारी कार्यान्वयन नहुँदा सम्पति शुद्धीकरण मामिलामा "ग्रे लिष्ट" को जोखिम

काठमाण्डु। सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा नेपाल वित्तीय कारबाही कार्यदल (फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ) को सम्भावित 'ग्रे लिष्ट' मा पर्न सक्नेबारे चिन्ता व्यक्त गरिएको छ।

'वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिबद्धता' भन्ने मुख्य नाराका साथ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले आयोजना गरेको सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस, २०८१ का वक्ताहरूले नेपालले कानुनी सुधारमा उल्लेख्य प्रगति गरेको भए पनि संरचनागत र व्यावहारिक सुधारमा कमजोर हुँदा जोखिम बढेको धारणा राख्नुभयो।

सो अवसरमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालको कार्यान्वयन पक्ष कमजोर रहेको स्वीकार्नुभयो। "नेपालले कानुन, नियम, आवश्यक संरचना निर्माण, अनुसन्धान, अभियोजन लगायतका काम गरिरहेकै छ। तर एउटा सत्य के हो भने हामीले जति गर्नुपर्ने हो त्यति गर्न सकेका छैनौँ। जसका कारण हामी दुनियाँका सामु बलियो रूपमा प्रस्तुत हुन सकिरहेका छैनौँ", अर्थमन्त्री पौडेलले भन्नुभयो, "पहिलो र दोस्रो चरणको मूल्याङ्कन पार गरेर आएको नेपाल तेस्रो चरणको मूल्याङ्कनमा बलियो भएर प्रस्तुत हुन सक्नुपर्थ्यो। तर हामी त्यसमा कमजोर भयौँ।"

सम्भावित जोखिम टार्न सबै निकाय र सरोकारवालाहरूले आ-आफ्नो काम जिम्मेवारीका साथ पूरा गर्नुपर्ने उहाँको भनाइ छ। "निगरानीतर्फ नधकेलियोस् भनेर प्रयास भइरहेको छ। जुन सावधानी र तत्परताका साथ काम हुनुपर्थ्यो, त्यसमा चुकेका छौँ। हामी आफैँले बनाएको कानुन प्रभावकारी कार्यान्वयनमा जोड दिने र अनुसन्धान तथा अभियोजनका काम तदारूकताका साथ गर्ने हो भने हामी सम्भावित जोखिम टार्न सक्छौँ", अर्थमन्त्री पौडेलले भन्नुभयो।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी मामलामा अनुसन्धान र अभियोजन गर्दा निर्दोष नफस्ने र दोषी नउम्कने गरी काम गर्न पनि अर्थमन्त्री पौडेलले निर्देशन दिनुभयो। त्यस्तै, यस प्रक्रियामा संलग्न हुने सबै निकाय र सरोकारवाला निकायहरूबीच आवश्यक समन्वय तथा सहकार्य, जनचेतना अभिवृद्धिलगायत काम गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो। सम्पत्ति शुद्धीकरण निवारणको विषय नेपालको मात्र नभएर विश्वस्तरकै समस्या रहेको र धेरै मुलुकले यो समस्यासँग जुध्न र वित्तीय स्वच्छता कायम गर्न विभिन्न प्रयास गरिरहेका अर्थमन्त्री पौडेलले उल्लेख गर्नुभयो।

'एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ' (एपिजी) ले दुई वर्षअघि नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी 'पारस्परिक मूल्याङ्कन प्रतिवेदन' (म्युचुअल इभालुएसन) गरेर एफएटिएफलाई प्रतिवेदन बुझाएको थियो। जसमा एफएटिएफले ४० वटा सुधारका क्षेत्रहरू औँल्याएको थियो। नेपालमा गैर-वित्तीय क्षेत्र नियमनको दायरामा आउन नसक्दा यो क्षेत्रमा सम्पत्ति शुद्धीकरणको बढी जोखिम देखिएको, आतङ्ककारी क्रियाकलापमा भइरहेको वित्तीय लगानीलाई नेपालले 'ट्र्याकिङ' गर्न नसकेको, उच्च जोखिमका बाबजुद सम्पत्ति शुद्धीकरणसँग जोडिएका मामिला अनुसन्धान र जाँचबुझमा नेपाल कमजोर देखिएको, कानुनी सुधारको गुञ्जायस देखिए पनि कार्यान्वयनमा चुकेको लगायतका विषय एपिजीले आफ्नो प्रतिवेदनमार्फत औँल्याएको थियो।




त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारणका लागि कानुनी सुधार र संस्थागत क्षमता विकास गर्न नेपालले उच्च तहको प्रतिबद्धता, पर्याप्त स्रोत साधन परिचालन, अन्तरनिकाय समन्वयलगायत विषयमा ध्यान दिनुपर्ने सुझाव नेपाललाई दिइएको थियो।

नेपाल सरकारका मुख्य सचिव एकनारायण अर्यालले अवैध सम्पत्ति शुद्धीकरणको अनुसन्धान र अभियोजनका काममा ढिलासुस्ती हुने गरेको बताउनुभयो। "एउटा निकायले मुद्दा दायर गर्‍यो भने अर्को निकायले फाइल घुमाउने र ढिलासुस्ती गर्ने होइन। सबै निकाय जिम्मेवार भएर काम गरौँ", उहाँले भन्नुभयो, "ऐन संरचना, मूल्याङ्कनको प्रक्रिया पर्याप्त छ। तर सक्रियता पर्याप्त छैन। नियम कानुनको कार्यान्वयन पर्याप्त छैन। रिपोर्टिङ प्रभावकारी छैन, समयमा छैन। त्यसकारण हामी अन्तर्राष्ट्रिय समुदायको निगरानीको अवस्थासम्म पुगेका छौँ। अबको एक वर्ष गम्भीर भएर नलागे हामी गम्भीर सङ्कटमा पर्नेछौँ।"

अवैध र गैरकानुनी काम गरेको छभने जुनसुकै ठूलो मान्छे, वित्तीय घराना पनि पर्न सक्छन्। शासन व्यवस्थामाथि प्रतिघात गर्ने प्रवृत्ति निरूत्साहित गर्नुपर्छ। आ-आफ्नो ठाउँबाट काम गर्नुपर्छ। कार्ययोजना बनाएको छ, त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गरौँ। अनुसन्धान गर्ने १३ वटा निकाय रहेकामा सबैले समन्वयात्मक रूपमा काम गर्नुपर्छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव फणीन्द्र गौतमले नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन त्यति सन्तोषजनक देखिएको बताउनुभयो। यो जोखिमबाट बच्न एउटा मात्र संस्थाको जिम्मेवारी नभई सूचक संस्था, नियामक निकाय र सरोकारवाला निकायहरू एकजुट भएर लाग्नुपर्ने बताउनुभयो। सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी पाँचवर्षे रणनीतिक कार्ययोजना र एकवर्षे कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने उहाँको भनाइ छ।

नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले नयाँ जोखिम बढिरहेको र सूचना प्रविधिको प्रयोगबाट अवैध सम्पत्तिको शुद्धीकरण गर्ने प्रवृत्ति बढेको बताउनुभयो। "एउटै खालका जोखिम सधैँ रहिरहँदैनन्। नयाँ-नयाँ जोखिम आइरहेका छन्। 'डिजिटल' कारोबारबाट अवैध क्रियाकलाप हुने क्रिप्टोलगायत अवैध क्षेत्रमा लगानी गर्नेजस्ता समस्या देखिन थालेका छन्", गभर्नर अधिकारीले भन्नुभयो।

> सम्पति शुद्धीकरण निवारणसम्बन्धी ऐन संशोधनपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग र नेपाल प्रहरीबाट पनि मुद्दा दायर हुन थालेको उहाँले बताउनुभयो।

नेपाल एफएटिएफको ग्रे लिष्टमा परेको अवस्थामा पनि चाँडो बाहिर निस्कने गरी आधार तयार पार्नुपर्नेमा उहाँले जोड दिनुभयो। "सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले धेरैवटा कानुन बनाएको छ। हामीसँग पर्याप्त कानुन छन्। तिनलाई नियमित रूपमा संशोधन र समयानुकूल बनाउने तथा कानुन कार्यान्वयनका लागि आवश्यक संरचना र निकायहरूले नतिजामुखी काम गर्नसक्नुपर्छ", गभर्नर अधिकारीले भन्नुभयो, "कथंकदाचित हामी लिस्टिङ भयौँ भने पनि त्यसबाट चाँडोभन्दा चाँडो निस्किने आधार तयार पारेका छौँ। ऐनकानुन पर्याप्त बनेका छन्, त्यसको कार्यान्वयन र प्रभावकारिताको विषय महत्त्वपूर्ण हो।"

अवैध सम्पत्तिको शुद्धीकरण मामलामा कडा कारबाही गर्नुपर्ने पनि उहाँको भनाइ छ। त्यस्तै, यस विषयमा सबै सरोकारवाला निकाय र व्यक्तिहरूलाई पर्याप्त जानकारी तथा चेतना दिन आवश्यक रहेको उहाँको भनाइ छ। "यस विषयमा चेतना प्रवर्द्धन कमजोर छ। सबै सरोकारवाला निकायहरूले समन्वयात्मक रूपमा कार्य गरी सुशासन र पारदर्शिता कायम गरिनुपर्छ।"

महान्यायाधिवक्ता रमेश वडालले अपराध नियन्त्रणका लागि अनुसन्धान तथा अभियोजन प्रक्रिया चुस्त बनाउने र सँगसँगै अपराध नै हुन नदिने अवस्थाको सिर्जना गरिनुपर्नेमा जोड दिनुभयो। "अनुसन्धान र अभियोजन प्रक्रियालाई प्रभावकारी रूपमा अघि बढाइरहँदा हामीले अपराध हुनै नदिने अवस्थाको सिर्जना कसरी गर्ने भन्ने विषयलाई पनि प्राथमिकतामा राख्नुपर्छ। सम्बन्धित नियामक निकायहरूले ठीक समयमा ठीक काम गर्ने हो भने धेरै हदसम्म समस्या समाधान गर्न सकिन्छ", वडालले भन्नुभयो। सम्पत्ति शुद्धीकरण निवारणका विषयमा गलत प्रचार हुने गरेको तर वास्तविक कुरा बाहिर नआउने गरेको पनि उहाँले उल्लेख गर्नुभयो। त्यस्तै, वैध व्यवसाय गर्नेहरूले यसबाट डराउन नहुने पनि महान्यायाधिवक्ता वडालले बताउनुभयो। "वैध व्यापार व्यवसाय गर्ने व्यक्ति डराउनु पर्दैन। कसुरमा संलग्न नभएको र आपराधिक काम नगरेको व्यक्ति डराउनु पर्दैन", उहाँले भन्नुभयो।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहालले अनुसन्धान र अभियोजनका कार्यमा विभागले पछिल्लो समय उत्कृष्ट कार्य गरेको दाबी गर्नुभयो। "विभागले यो वर्षको पहिलो अर्धवार्षिक अवधिमै १५ वटा मुद्दा दायर गरिसकेको छ। यो सङ्ख्या विगत वर्षहरूको औसत तुलना गर्दा झन्डै दोब्बरभन्दा बढी हो। यिनमा झन्डै ५५ अर्ब बराबरका बिगो माग दाबी लिई मुद्दा दायर भएका छन्", महानिर्देशक दाहालले भन्नुभयो, "पछिल्लो एक वर्षमा करिब ३० वटा मुद्दा फैसला पनि भएका छन्। स्थापनाकालदेखि हालसम्म विभागले दायर गरेका एक सय १७ वटा मुद्दामा सफलता दर झन्डै ८५ प्रतिशतको हाराहारीमा छ।"

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी ऐन संशोधनपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग र नेपाल प्रहरीबाट पनि मुद्दा दायर हुन थालेको उहाँले बताउनुभयो। पछिल्लो समय नेपाल राष्ट्र बैङ्कलगायत नियामकहरूले पनि सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रमा आफ्नो कारबाहीलाई सशक्त तुल्याउँदै गलत गर्नेलाई कारबाहीस्वरूप जरिवाना गरिरहेका उहाँले उल्लेख गर्नुभयो। "वित्तीय प्रणालीमा व्यापक सुधार भएको छ। तर सुधार एक निरन्तर प्रक्रिया भएकाले पछिल्लो समय देखिएका नवीनतम आपराधिक क्रियाकलापहरू, विशेषतः डिजिटल अपराधहरूले हाम्रो प्रणालीको सुधारलाई चुनौती दिइरहेका छन्। त्यसलाई सामना गरेर अगाडि बढ्न सक्ने सुधार चाहिएको छ", महानिर्देशक दाहालले भन्नुभयो। एफएटिएफले सन् २०२२ मा गरेको पास्परिक मूल्याङ्कनपश्चात् प्राप्त भएका ७७ वटा सुझावहरू समेटेर पाँचवर्षे रणनीतिक कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याएको पनि विभागले जनाएको छ।

सम्पत्ति शुद्धीकरण निवारण मामलामा नेपालले राम्रो गरिरहेको भए पनि अन्तर्राष्ट्रिय रूपमा आफ्नो साख जोगाउन नसक्ने अवस्थामा पुग्नु चिन्ताको विषय रहेको महानिर्देशक दाहालको भनाइ छ। "केही कुराहरू हामीले राम्रो गर्नका लागि गरिएका भए पनि नतिजा बिग्रिएका छन्। कतै भूमिका बिग्रिएका छन्भने कतै प्रक्रिया बिग्रिएका छन्।

हामीले काम त गरिरहेका छौँ तर चक्काले गुडाएर हैन कि जबर्जस्ती घिसारेर गरिरहेका छौँ", उहाँले भन्नुभयो, "अब क्षेत्रगत जोखिम मूल्याङ्कन गरी राष्ट्रिय मूल्याङ्कन प्रतिवेदन तीन महिनाभित्र तयार पार्नुपर्नेछ र त्यसकै आधारमा हामीले हाम्रा नियमन, अनुसन्धान र अभियोजनलाइ तीव्रता दिनुपर्नेछ।"

मन्त्रिपरिषद्को गत पुस १६ गतेको बैठकले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ जारी भएको दिन पारेर हरेक वर्ष माघ १४ गतेलाई सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस मनाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार विभागले पहिलोपटक यो दिवस मनाएको हो।रासस


## नेपाल अपाङ्ग संघ

**खगेन्द्र नवजीवन केन्द्र, जिल्ला शाखा धनुषा, जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

**शाखा (साधारण) सभाको बैठकमा उपस्थिति हुने सम्बन्धमा**

नेपाल अपाङ्ग संघ खगेन्द्र नजवीवन केन्द्र जिल्ला शाखा धनुषाको मिति २०८१ माघ १२ गतेको शाखा कार्यसमिति बैठकको निर्णय अनुसार २३ औं शाखा (साधारण) सभाको बैठक निम्न मिति, स्थान र समयमा बस्ने भएको हुनाले तपसिलमा उल्लेखित प्रस्तावहरु माथि छलफल गर्नका लागि यस शाखाका सम्पूर्ण आजिवन र साधारण सदस्य ज्यूहरुले शाखा (साधारण) सभाको बैठकमा उपस्थिति भई दिन हुनका लागि हार्दिक अनुरोध गर्दछु।

तपसिलः

**मिति : २०८१ साल फाल्गुन ३ गते शनिबार ।**


**समय : दिनको ११:३० बजे ।**

**स्थान : नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, जिल्ला शाखा धनुषा, रामानन्द चौक, जनकपुरधाम-८**

**प्रस्तावहरू :**

१. शाखाको प्रगति प्रतिवेदन सम्बन्धमा।
२. शाखाको आर्थिक प्रतिवेदन सम्बन्धमा।
३. आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।
४. अनुमानित बजेट तथा कार्यक्रम सम्बन्धमा।
५. शाखा कार्यसमितिको निर्वाचनको मिति तय गर्ने सम्बन्धमा।
६. सदस्यको अयोग्यता सम्बन्धमा
७. विविध

**राधेश्याम साह**
**सचिव**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**


## सम्पादकीय

# सहयोगका कार्यक्रम प्रभावित

समृद्धिका सन्दर्भमा आत्मनिर्भरता राष्ट्रका लागि महत्वपूर्ण मार्ग हो। आत्मनिर्भर नभएसम्म अन्यको सहयोगमा राष्ट्रको मुहार फेने रणनीति विश्वमा बदलिंदो राजनीतिक परिवेश , सोच , अवधारणाका आधारमा वर्तमानमा अनिश्चयलाई आमन्त्रण सरह साबित हुँदै गएको छ। शासकीय मनःस्थिति , अन्तर्राष्ट्रिय सहयोगप्रतिको दृष्टिकोण , सम्बन्ध लगायतका अवस्थाले आत्मनिर्भरताका हरेक उपायलाई व्यवहारिक रुपमा सबल बनाउनु पर्ने अपरिहार्यतालाई समृद्धिको मार्गलाई प्रशस्त गर्नमा टेवा पुऱ्याउन सक्छ। नेपालको शासकीय सोचका प्रतिकूल प्रभावका रुपमा अन्तर्राष्ट्रिय सहयोगमा समृद्धिको खाका निर्माण गर्ने तथ्यलाई स्वीकार नगर्नु राष्ट्रका लागि बाधक बन्ने सम्भाव्य संकेत देखिन थालेकोछ। अन्तराष्ट्रिय सहयोगमा सञ्चालित विकास निर्माणका कार्य , परियोजना , सचेतनामूलक कार्यक्रम , संघ संस्थाका लागि आउने दिनमा चुनौतीका पहाड खडा हुने संकेत देखा पर्नुको गाम्भीर्य पक्षमाथि चिन्तन मनन हुनु पर्ने आवश्यकता छ। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले सबै प्रकारको वैदेशिक अनुदान रोक्न जारी गरेको आदेशले नेपालमा पनि विभिन्न अमेरकी सहयोगमा सञ्चालित परियोजनाका कार्यक्रममा अनिश्चयको बादल मडारिन थालेको छ। अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहायता एजेन्सी यूएसएडले नेपालका सबै साझेदार संघसंस्था तथा कम्पनीहरुलाई हाल चलिरहेका कार्यक्रम रोक्न गरेको पत्राचारले आशंका उत्पन्न भएको छ। आशंकाको भुंमरीमा संघससथा , कम्पनीलाई तत्काल ९० दिनका लागि राखिएको छ। कार्यक्रमहरु स्थगित भएको छ। संघसंस्था र कम्पनीहरुमा आउने दिनका बारेमा अनेक किसिमका तर्कले स्थान पाएको छ। सकारात्मक भन्दा पनि नकारात्मक विश्लेषण अधिक भइरहेको छ। मुख्य रुपले धरातलीय परिवेशमा यसको प्रभावकारिताका बारेमा विचार गर्दा कति पय सन्दर्भमा सुखद वानीको विकास गरेको छ भने कतिपय पक्ष यति दुर्बल छ कि व्यक्तिको नाटकीयपन , कीर्ते , स्वयम् कार्यक्रमको लाभ लिइ अनुदान , सहयोगको लक्ष्यलाई कागजमै अद्यावधिक गरेका प्रवृत्तिका रुपमा चर्चा परिचर्चा हुने गरेको छ। नेपालमा करिब चार सय गैरसरकारी संघसंस्था र कम्पनीसँग यूएसएढ र त्यस अन्तर्गतका एशिया फाउन्डेशन , एचकेआई इन्टरनेशनल लगायतका संस्था र कम्पनीहरुले साझेदारीमा काम गरिरहेका छन्। ती सबै संघसंस्थाका कार्यक्रम ९० दिनका लागि रोकिएकाले तय गरिएका कार्यक्रममा अन्योलको अवस्था सिर्जना भएको छ। अमेरिकी अनुदानका आधारमा नेपाल उनको सहायता पाउने मुलुकमा १६ औं स्थानमा छ। अर्थ मन्त्रालय र यूएसएआइडीबीच सन् २०२२ मा भएको पाँच वर्षे रणनीति सम्झौतामा ६५ करोड ९० लाख अमेरिकी डलर अनुदान प्राप्त हुने उल्लेख छ। यी रणनीतिबारे पनि अन्योलको अवस्था छ। यसलाई गम्भीरतापूर्वक लिनु आवश्यक छ।

## शहिद दुर्गानन्द शहादत विशेष :

# शहिदहरु कहिल्यै न अस्ताउने ताराहरु हुन्



रोशन जनकपुरी


जनताको राजनीतिक आकाशमा शहीदहरु चम्किला, कहिल्यै धूमिल नहुने हुन्। शहिदहरु नै हुन्, जसले देश र जनताको निम्ति आत्मबलिदान गर्ने भावबाट प्रेरित गरिरहन्छन्। हरेक राजनीतिक प्रणालीले आगामी पुस्ताको निम्ति आफ्नो विचारधारात्मक तथा राजनीतिक संघर्षका नायकहरुलाई प्रेरक प्रतीकको रुपमा स्थापित गर्नका निम्ति जनसमुदायमा प्रचारित र प्रसारित गने गर्छ। विडम्बना नै भन्नु पर्छ कि गणतन्त्र स्थापित भएको अठारवर्ष बितिसक्दापनि देशमा गणतन्त्रका शहिदहरु, नायकहरु र प्रतीकहरु भन्दा पृथ्वीनारायण शाह र त्रिभुवन जस्ता राजतन्त्रकालीन प्रतीकहरु नै बढी चर्चामा आउने गरेका छन्। यसलाई वर्तमान गणतन्त्रको शासकहरुको राजनीतिक असचेतता र स्वार्थिपना नै भन्नु पर्छ कि उनिहरु एकता दिवस र ००७ सालको प्रजातन्त्र दिवस जस्तो राज्यसत्ताको राजतन्त्रात्मक आग्रह बोकेको राष्ट्रीय प्रतिक र अवसरहरुमा अहिलेपनि गर्वका साथ उत्सव मनाउने गर्छन्। तर गणतन्त्रका प्रतीक, चेतना तथा अवसरहरु प्रायः उदासीन र बढीमा औपचारिक नाममात्रका कार्यक्मको रुपमा देखिने गर्छ।

अर्कोतिर, कयौँ राजनीतिक दलहरुमा संकीर्णता कति देखिन्छ भने उनिहरु यो शहिद काँग्रेसको, यो माओवादीको, यो एमालेको र यो मधेशीको भनेर भेद गरेको देखिन्छ। यसैको परिणाम हो कि वर्तमान गणतन्त्रको निम्ति मूल निर्णायक संघर्ष माओवादी जनयुद्ध र तत्कालीन बहुदलिय राजतन्त्रसँगको संघर्षमा शहादत दिने शहिदहरुलाई स्वीकार्न कयौँ राजनीतिक दलहरु अझै तयार देखिँदैन। विडम्बना नै भन्नु पर्छ।

१०४वर्षे निरंकुश राणाशासन विरुद्धको संघर्षमा शहादत दिनेहरु होउन्, वा राजा महेन्द्रले नेपाली जनतामा थोपरेको तीसवर्षे कालरात्री पञ्चायती निरंकुश शासनको विरुद्ध शहादत दिनेहरु, नयाँ जनवादी गणतन्त्रको निम्ति दशवर्षे माओवादी जनयुद्धमा हजारौँको शहादत दिएर वर्तमान गणतन्त्रको आधार तयार गर्ने शहिदहरु होउन्, वा वर्तमान गणतन्त्रलाई संघीय गणतन्त्रको निम्ति शहादत दिने मधेश आन्दोलनका शहिदहरु होउन् सबै नेपाली जनताका शहिदहरु हुन्।

यी गन्थन मन्थनमा चिन्ताको विषय के छ भने देशमा गणतन्त्र स्थापित भएपनि समग्र राजनीतिक वातावरणमा राज्यको उदासीनताको कारण जनतामा समेत यो गणतान्त्रिक चेतना सबैभन्दा कमजोर देखिन्छ। होइन भने, देशमा गणतन्त्रको निम्ति शहादत दिनेहरु सबैभन्दा आकर्षक 'हिरो' हुने थिए। राजनीति र संस्कृतिका अन्य सबै प्रतिकभन्दा बढी, नेपाली काँग्रेसले राजा त्रिभुवनसँग सम्झौता गर्दा विद्रोह गरेपछि तथा गणतन्त्रको निम्ति किसान विद्रोहको नेतृत्व गरेपछि मारिएको मुक्ति सेना (राणा शासन विरुद्ध सशस्त्र संघर्ष गर्नका निम्ति नेपाली काँग्रेसले गठन गरेको जनमुक्ति सेना) का कमान्डर भीमदत्त पन्त, राजा महेन्द्रले २०१७साल पुस १ गते पञ्चायती निरंकुश राजतन्त्र लागु गरेको विरोधमा जनकपुरमा राजा महेन्द्रमाथी बम प्रहार गरेर शहादत दिने दुर्गानन्द, नेपाली कम्युनिस्ट आन्दोलनमा शहादत दिने ऋषि देवकोटा आजाद र रामवृक्ष यादव तथा माओवादी जनयुद्धका शहिदहरु, जीवनभरी गणतन्त्रको निम्ति लागी रहेको रामराजा प्रसाद सिंह जस्ता व्यक्तित्वहरु यस गणतन्त्रका सबैभन्दा चम्किला प्रतीक हुनेथिए।

प्रत्येक वर्ष माघ १०देखी १६गतेसम्म राजकीयस्तरमा शहिद सप्ताह मनाइने गरिन्छ। राणाशासनका विरोध गरेको कारण शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त र गंगालाललाई राणाशासकहरुले झुन्ड्याएर तथा गोली हानेर मारेको स्मृतिमा यो शहिद सप्ताह मनाइन्छ। काठमाँडौमा वि.स. १९९७ माघ १० गते शुक्रराज शास्त्रीलाई र माघ १३ गते धर्मभक्त माथेमालाई झुन्ड्याएर तथा माघ १५ गते दशरथ चन्द र गंगालाललाई गोली हानेर राणा शासनले मारेको थियो। यी चारवटा महान शहिदको स्मृतिमा पञ्चायतकाल देखिनै परम्परागतरुपमा यो दिवस मनाइँदै आइएको हो। पञ्चायती राजतन्त्रात्मक शासकहरुले यस शहिद दिवसको आडमा अन्य सबै जनसंघर्षमा शहिद हुने सबै शहिद र संघर्षहरुलाई ओझेलमा पार्नै गर्थे। शहिद सप्ताह बारे यो भाष्य अहिलेपनि स्थापित छ। तर, निरंकुश पञ्चायती राजतन्त्रको विरोधमा राजा महेन्द्रमाथी जनकपुरमा बम प्रहार गरेको कारण २०२० माघ १५ गतेकै दिन दुर्गानन्दलाई फाँसी दिइएको थियो। शहिद दुर्गानन्द यस शहिद सप्ताहको भाष्य भित्र पर्दैनन्। राज्यसत्तामा गणतान्त्रिक चेतना र संस्कृति बलियो भइदिएको भए देश र प्रदेश दुबैमा शहिद दुर्गानन्द लगायत गणतन्त्र र जनताको शासनको निम्ति सचेत रुपमा शहादत दिने नेपाली जनताका सर्वोत्तम छोराछोरीको स्मृति दिवस भव्यरुपमा राष्ट्रिय दिवसको रुपमा मनाइन्थ्यो।




०१७ साल पौष १ गते राजा महेन्द्रले निर्वाचित संसदलाई भङ्ग गरेर निरंकुश पञ्चायती राजतन्त्र लागु गरेका थिए। उनले पहिलो जननिर्वाचित सरकारका प्रधानमन्त्री विपीकोइराला लगायत प्रजातन्त्रवादी र कम्युनिस्ट नेताहरुलाई जेल हालेका थिए। ०१८ साल माघ १९ गते राजा महेन्द्र जनकपुर भ्रमणमा आएको बेला नेपाली काँग्रेसको निर्णय अनुसार दुर्गानन्दले राजा महेन्द्रमाथी बम प्रहार गरेका थिए। यस अपराधमा उनिसहित अरविन्द ठाकुर र दलसिंह थापा पक्राउ परेका थिए। त्यतिबेला मुलुकी ऐनमा बाहुनलाई मृत्युदण्ड दिने व्यवस्था थिएन। तर ऐन संशोधन गरेर सबैलाई मृत्युदण्डको सजाय दिइयो। ऐतिहासिक स्रोतहरुका अनुसार उनिहरुले माफी माँगे मृत्युदण्डलाई आजीवन कारावासमा बदलि दिने अवसर दिइएको थियो। तर दुर्गानन्द माफी माग्न तयार भएनन् र उनले गर्वपूर्ण शहादत दिए। अठारवर्षको उमेरमा नै देश र जनताप्रति आत्मोत्सर्ग गर्ने यो उदात्त चेतना दुर्लभ छ। दुर्गानन्दको शहादतको यस प्रसंगले भारतमा अँग्रेजी उपनिवेश विरुद्धको संघर्षमा सचेत शहादत दिने २१ वर्षीय शहिद ए आजमको उपाधि पाएका युवा शहीद भगत सिंहको स्मरण हुन्छ। अन्य दुई अरविन्द ठाकुर र दलसिंह थापाले आजीवन कारावास भोगे भने दुर्गानन्दलाई फाँसी दिइयो। दुर्गानन्दले चाहेको भए उनलेपनि माफी माँगेर फाँसीबाट जोगिन सक्थे। कति महान थियो त्यो शहादत!

शहिद दुर्गानन्दकी श्रीमति काशीदेवी झा (हाल दिवंगत)ले आफ्नो महान पतिसँग भेट्न गएको बेलाको स्मरण सुनाएको सम्झना आउँछ। शहिद दुर्गानन्दलाई मृत्युदण्डको सजाय तोकेपछि काशीदेवी र दुर्गानन्दको आमालाई काठमाडौ लगिएको थियो। आफ्नो आमा र श्रीमतिलाई शहिद दुर्गानन्दले भनेका थिए : 'मेरो मत्युपछि तिमीहरु न रुनु, गाउँ फर्कनु। देशमा एक न एक दिन गणतन्त्र अवश्य आउने छ।' दुर्गानन्दलाई गोली ठोकेर मृत्युदण्ड दिएपछि उनको लास आफन्तलाई दिइएन। आफूखुशी तत्कालीन सरकारले नै जलायो। शहिद पत्नी काशीदेवी र उनकी सासुलाई त्रिपुरेश्वरको एउटा धर्मशालामा राखिएको थियो। मृत्युदण्ड दिइसकेपछि दुईजना महिला प्रहरी धर्मशालामा आएर उनिहरुसँग सादा कागजमा औँठा छाप लगाएर उनिहरुलाई बीरगन्ज जाने एउटा ट्रकमा कोँचेर पठाइदियो। यस कागजमा लास बुझिएको लेखिएको होला। बीरगन्जबाट भारत हुँदै जसोतसो उनिहरु आफ्नो गाउँ जटही (धनुषा जिल्ला) आउन सके।

गणतन्त्र, त्यसै आएको होइन। नेपाली जनताको अथक संघर्ष र बलिदानका असंख्य कथाहरु यस संघीय गणतन्त्रमा निहित छन्। आजका पुस्ताले पुर्खाहरुको शहादत र बलिदानका यी महान उदात्त कथा र परम्पराबाट अवगत हुनुपर्छ र प्रेरणा लिनसक्नु पर्छ।

केही राजनीतिक विश्लेषकहरुले आधुनिक नेपालको इतिहासमा गणतन्त्रलाई पछि थोपरिएको रुपमा व्याख्या गर्छन्। तर त्यस्तो होइन। यथार्थ के हो भने नेपालमा आधुनिक राजनीतिक संघर्षको पहिलो स्वर नै राजतन्त्रबाट मुक्ति तथा जनताको व्यवस्थाको रुपमा गणतन्त्रको निम्ति हो। अवसरवादी राजनीतिज्ञहरुलाई प्रयोग गरेर धूत्तर्तापूर्वक राजतन्त्रलाई पुनर्स्थापित गराइएको हो। राणाशासनको पतनपछि राजा त्रिभुवनले देशमा सम्विधानसभा (विधानसभा)को निर्वाचन मार्फत गणतन्त्रात्मक शासन हुने घोषणा गरेकै कारण तत्कालीन जनताले उनलाई स्वीकारेका हुन्। पछि, जनताको नासो जनतालाई सुम्पने वचनसहित गद्दीमा बसेका त्रिभुवनले नेतृत्वकारी नेपालीकाँग्रेस भित्रको अवसरवादीहरुलाई प्रयोग गरेर २०१०सालमा सम्पूर्ण राजकीय अधिकार फेरी आफैले ग्रहण गरे। त्रिभुवनको यस धोकाको विरुद्ध नेका लगायतका तत्कालीन राजनीतिक दलहरुको मौनताले नै राजा महेन्द्रलाई ०१७ पौष १ गते पञ्चायती निरंकुशता निम्त्याउन अवसर दियो।

नेपालको आधुनिक राजनीतिक इतिहासको अध्ययनबाट के बुझिन्छ भने राणाविरोधी संघर्ष राणामात्रको विरोध थिएन, यो जनताको शासन अर्थात गणतन्त्रको संघर्षपनि थियो। राणा विरुद्धको संघर्षमा पहिलो अगुआ पार्टी प्रजापरिषद्को प्रारम्भिक दस्तावेजहरु गणतन्त्रात्मक थिए। त्यसरी नै ०१७ सालपछिको नेपाली काँग्रेसको दस्तावेज गणतन्त्रको पक्षमा थियो। दुर्गानन्दले राजा महेन्द्रमाथी बम प्रहार गर्नु यसैको परिणाम थियो। नेपाली कांग्रेसको पार्टी प्रकाशन 'तरुण' पत्रिकाको ०२७/०२८सालतिरका अंकहरुमा राजतन्त्रलाई प्रतिक्रियावादी, राजा सहितको प्रजातन्त्रको वकालत गर्नेलाई सुधारवादी, तथा गणतन्त्र समर्थकलाई अग्रगामी र क्रान्तिकारी भनिएको छ। यस पत्रिकाको सम्पादक मन्डलमा शैलजा आचार्य र प्रदीप गिरी जस्ता सुप्रसिद्ध नेतृ तथा नेताहरु जोडिएका थिए। विडम्बना, गणतन्त्रप्रतिको यो दृष्टिकोण नेपाली क्रांग्रेसमा अस्थायी थियो। ०३६/०३७सालको जनमतसंग्रहको बेला बिपी कोइरालाले 'राजा र मेरो घाँटी एउटै छ' भन्ने प्रसिद्ध भनाई अनुकूलको राजनीतिक प्रवृत्ति नै थियो कि दुर्गानन्दको शहादतबाट नेपाली काँग्रेसले लामो समयसम्म आफ्नो बचाउ गरिरह्यो। ०४६/०४७मा बहुदलिय व्यवस्थाको स्थापनापछि नेपाली कांग्रेस फेरी सत्तामा आयो, तर यो राजतन्त्रको तावेदारी नै थियो कि उसले दुर्गानन्दलाई शहिद घोषित गराउन सकेन। ०६३सालमा देशमा गणतन्त्रको स्थापना भएपछि मात्रै दुर्गानन्द राष्ट्रिय शहिद घोषित हुनसके।


राज्यसत्ताको संकीर्ण राष्ट्रवादी प्रतीकहरुको तुलनामा गणतन्त्रका निम्ति सम्झौताहीन संघर्ष गर्ने तथा न झुक्ने नायकहरु तथा संघर्षका गाथाहरु अहिलेपनि उपेक्षित छन्, ओझेलमा छन्, अचर्चित छन्। राज्य त उदासीन छ नै, राजनीतिक बौद्धिकहरु, जो वर्तमान सत्ता र स्थितिसँग असन्तुष्ट छन्, विपक्षमा छन्, उनिहरुमा पनि एकखाले यान्त्रिकता देखिन्छ। जनयुद्ध लगायत राजतन्त्रविरोधी जनसंघर्षमा खलनायकहरु, जो जनता र जनआन्दोलनकारीहरुको दमन गरिरहेका थिए, जनता र क्रान्तिकारीहरुको बर्बर हत्या गरिरहेका थिए, देशलाई लुटिरहेका थिए,उनिहरु खोरभित्र कोचिनु पर्थ्यो। यो राजनीति र जनसमुदायमा गणतान्त्रिक चेतनाको कमजोरी नै हो, कि यस्ता गैर गणतन्त्रवादीहरु खुलेआम सक्रिय छन्। एउटा नागरिकको रुपमा पूर्व राजा ज्ञानेन्द्र लगायत राजतन्त्रका अवशेषहरुलाई स्वाभाविक मान्न सकिन्छ। तर गणतन्त्रका सञ्चालकहरुको व्यवहारको कमजोरीको निहुँमा उनिहरुले आफूलाई सत्ताको पारम्परिक शासकको दावी गर्नु र गणतान्त्रिक शासनमा रहेकाहरुको मौनता, मलाई दुर्गानन्दको शहादतलाई गिज्याई रहे झैँ लाग्छ। यस गणतन्त्रमा अनेक कमीकमजोरी छन्, तर यसको विकल्प राजतन्त्रको कुनैपनि रुप हुनसक्दैन। यसको विकल्प अग्रगामी गणतन्त्र नै हुनसक्छ।

गणतन्त्र र संघीयता विरुद्ध अनेक खाले भ्रमपूर्ण भाष्यहरु खडा गरिँदैछन्। विगत दुई दशकमा देशमा युवाहरुको ठूलो जमात जन्मिएको छ। वर्तमान गणतन्त्रका सञ्चालक राजनीतिक र सामाजिक अगुआहरुको मौनता र उदासीनताले ती नवोदित युवा जमातमा आफ्ना पुर्खाहरुको बलिदान र योगदान प्रति अज्ञानता र भ्रम सिर्जना गरिँदैछ। त्यसैले वर्तमान गणतन्त्र, संघीयता तथा जनवादिता प्रति गर्व र सचेतताको निम्ति पुराना शासकीय प्रतीक र भाष्यहरुको ठाउँमा वर्तमान र जनताको शासन गणतन्त्रको शहिद तथा प्रतीक गाथाहरु व्यापकरुपमा प्रचारित गर्नु पर्छ, तथा यस्ता अवसरहरुलाई राजकीय मात्रै होइन, जनस्तरमा समेत जनउत्सवको भव्य परम्परामा विकसित गर्नु पर्छ।

दुर्गानन्द जस्ता जनताका सर्वोत्तम छोराछोरीहरु, जस्ले जनताको शासनको निम्ति संघर्ष गरे, बलिदान गरे, तिनीहरुको गाथा युवा पुस्ता जान्नु आवश्यक छ। अझ जतिबेला राजनीतिमा फासीवादी प्रवृत्ति हावी हुँदै गै रहेको छ, ती अग्रगामी चेतनाको निम्ति व्यापक विमर्श झन् जरुरी छ।

आज माघ १५ गते। दुर्गानन्दको शहादत दिवस। गणतन्त्रको महान शहिदलाई हार्दिक श्रद्धान्जलि।

# नुन र मुटु रोगको सम्बन्ध



डा राजेन्द्र कोजु


नुन हाम्रो भान्छाको एक अपरिहार्य वस्तु हो। हामीले बिहानको नास्तादेखि खाना, दिउँसोको खाजा र साँझको खानामा नुनको प्रयोग गरेकै हुन्छौँ। अझ भनौँ नुन हाम्रो जिब्रोको स्वाद हो, जसको अभावमा हामीले खाने भोजन स्वादिष्ट हुँदैन। नुनको अभावमा शरीरमा आलस्यता आउने मात्र होइन, स्वास्थ्यमा अनेक समस्या हुने गर्दछ।

नुन हाम्रो संस्कृतिसँग पनि जोडिएको छ। जुठो बार्दा नुन नखाने, कतिपय पूजाआजामा अनिवार्य प्रयोग गरिन्छ। यसरी हाम्रो शरीरका लागि अपरिहार्य नुन किन फेरि हानिकारक छ त भन्ने प्रश्न पनि उठ्ने गर्दछ। ठिक्क हुँदा ठीक, बेसी हुँदा हानिकारक हुने भएकाले नुनको प्रयोगमा ध्यान दिनुपर्छ। दैनिक कति नुन हाम्रो शरीरका लागि आवश्यक हो त भन्ने कुरा व्यक्तिको जीवनशैली, ठाउँ र स्वास्थ्य अवस्थाले पनि केही फरक पार्न सक्छ। सामान्यतः दैनिक दुईदेखि तीन ग्रामसम्म नुन (सोडियम) सेवन गर्नु उपयुक्त हुन्छ। बढीमा पाँच ग्राममा सीमित रहनेगरी खान सकिने भन्ने विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले पनि भनेको छ।

### मुटुसँगको सम्बन्ध

नेपालमा नुन सेवन र मुटु रोगको सम्बन्ध गम्भीर चिन्ताको विषय बनेको छ। आयोडिनयुक्त नुनले थाइराइड जस्ता रोग नियन्त्रण गर्न सहयोग पुऱ्याए पनि यसको अत्यधिक सेवनले मुटु रोगलाई निम्त्याउन सक्छ। यहाँका मानिसको जीवनशैली, खानपान र स्वास्थ्य शिक्षाको अभावका कारण नुनको अत्यधिक सेवन र यसको कारणले हुने मुटु रोगका समस्या बढ्दो क्रममा छन्। हाम्रो स्वास्थ्यका लागि दुईदेखि तीन ग्राम उपयुक्त हुन्छ तर अधिकांश नेपालीले दैनिक पाँच ग्रामभन्दा धेरै नुन सेवन गर्ने गर्छन्। विशेषगरी अचार, तिख्खर खानेकुरा, तथा प्रशोधित खानेकुराहरू जस्तै, लेज, कुरकुरे, चाउचाउ आदिमा उच्च मात्रामा नुन हुन्छ। ग्रामीण क्षेत्रमा प्राकृतिक खानाको प्रयोग भए पनि, सहरी क्षेत्रमा प्रशोधित खाना र फास्ट फुडको लोकप्रियताले नुन सेवनको दर उच्च देखिएको छ।

नुन र मुटुरोग बीचको सम्बन्ध धेरै अध्ययनहरूद्धारा पुष्टि भएको छ। नुनमा सोडियमको मात्रा धेरै हुन्छ। अत्यधिक सोडियमले शरीरमा पानी थुप्रिने (पानी धारण गर्ने) समस्या उत्पन्न गराउँछ, जसले गर्दा रक्तचाप बढ्छ। रक्तचापले मुटु र रक्तनलीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्छ। उच्च रक्तचाप (हाइपरटेन्सन) मुटु रोगको प्रमुख जोखिम कारक हो। नेपालमा हृदय रोग मृत्युको प्रमुख कारणमध्ये एक हो। उच्च रक्तचाप र यसका कारण मुटु रोग हुने समस्या नेपालमा तीव्र रूपमा बढ्दै छ। डब्लुएचओका अनुसार, नेपालमा लगभग ३० प्रतिशत वयस्क जनसङ्ख्या उच्च रक्तचापको जोखिममा छ।लामो समयसम्म उच्च रक्तचाप रहिरहेमा मुटुको मांसपेशीमा अनावश्यक दबाब पर्छ। यसले मुटुको असमान्य कार्यक्षमता, हृदयाघात र स्ट्रोकजस्ता समस्या निम्त्याउन सक्छ। नुनको अत्यधिक सेवनले धमनीहरूलाई सख्त (अथेरोस्क्लेरोसिस) बनाउँछ। यो प्रक्रियाले रक्तप्रवाहलाई अवरुद्ध गर्नसक्छ, जसले मुटुमा अक्सिजनको अभाव गराउँछ। धेरै नुन सेवन गर्ने व्यक्तिहरूमा पानी र सोडियमको सन्तुलन बिग्रन सक्छ। यसले मुटुको काम गर्न कठिन बनाउँछ, जसले मुटुको विफलताको सम्भावना बढाउँछ। नेपालमा स्वास्थ्य मन्त्रालयः उच्च रक्तचाप र मुटु रोग नियन्त्रणका लागि केही कार्यक्रम र जनचेतनामूलक गतिविधि गर्दै आएको छ। नुनको उपभोग कम गर्ने रणनीति बनाउन डब्लुएचओले नेपाल सरकारसँग सहकार्य गरिरहेको छ।





### अन्य देशमा नुनको प्रयोग

सामान्यतः अधिकांश देशहरूमा औसत नुन सेवन डब्लुएचओको सिफारिस (पाँच ग्राम प्रतिदिन) भन्दा धेरै उच्च छ। विकसित देशहरूले यसबारे धेरै सुधार गरेका छन्, तर विकासशील देशहरूमा अझै जनचेतना र नीतिगत हस्तक्षेप आवश्यक छ। ती देशहरूमा नुनको प्रयोग जनसङ्ख्या, संस्कृति, खानपान र जीवनशैलीका आधारमा फरक छ। विकसित देशहरूमा नुन सेवनमा कमी ल्याउने प्रयास भइरहेको छभने धेरै विकासशील देशहरूमा अझै अत्यधिक नुन सेवन चुनौतीपूर्ण रहेको छ।

विश्वका विकसित देशहरूमा नुनको प्रयोग कम गर्न राज्यस्तरबाटै पहलहरु भएको पाइन्छ। अमेरिकी सरकारले नुनको प्रयोग कम गर्न जनचेतना अभियान र खाद्य उद्योगमा नयाँ मापदण्ड लागू गरिरहेको छ। ल्याटिन अमेरिका मुलुकहरु ब्राजिल, मेक्सिको, अर्जेन्टिनाजस्ता देशहरूमा औसत नुन सेवन उच्च (८-११ ग्राम प्रतिदिन) छ। बेलायत, फिनल्यान्ड, डेनमार्कलगायत युरोपेली देशहरूमा नुन सेवन कम गर्न ठूला अभियान सञ्चालन गरिएको छ। बेलायतमा नुन सेवन कम गर्न पब्लिक हेल्थ इङ्ल्यान्डले फुड म्यान्युफ्याक्चरर्सलाई प्रशोधित खानामा नुन घटाउन निर्देशन दिएको छ। फिनल्यान्डः फिनल्यान्डले १९७० को दशकदेखि 'लो-सोडियम खाना' को प्रवर्द्धन गरेर नुन सेवनलाई ३० प्रतिशतले कम गरेको छ। सरकारले जनचेतना र 'लो-सोडियम सोया सस' को प्रवर्द्धन गरेर सुधार गर्ने प्रयास गरेको छ।

छिमेकी मुलुक चीनमा औसत नुन सेवन १०-१२ ग्राम प्रतिदिन रहेकाले त्यसलाई घटाउन सरकारले जनचेतना कार्यक्रम सञ्चालन गरेको छ। भारतीयहरूको औसत दैनिक नुन सेवन ८-१० ग्राम गरिरहेका छन्। सरकारको ध्यान आयोडिनयुक्त नुन प्रवर्द्धनमा केन्द्रित रहेकाले, नुन कम गर्ने पहल भएको देखिँदैन। स्वास्थ्य शिक्षाको कमीले गर्दा अधिकांश अफ्रिकी देशहरूमा नुन सेवनको स्तर उच्च छ। भूटान, पाकिस्तान, अफगानिस्तान, श्रीलङ्काका ग्रामीण र सहरी क्षेत्रमा नुनको अत्यधिक प्रयोग देखिन्छ।

### कसरी स्वस्थ्य हुने त ?

नुन र मुटु रोगबीचको सम्बन्धबारे जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ। प्रशोधित खाना, जस्तैः चिप्स, तयारी खाना (जङ्क फुड), डिब्बामा बन्द गरिएका खाना आदिमा सोडियम धेरै हुनेहुँदा यस्ता खानेकुराहरुबाट टाढै बस्नु उपयुक्त हुन्छ। नियमित व्यायाम, सन्तुलित आहार र तनाव व्यवस्थापनले मुटु रोगको जोखिम कम गर्न मद्दत गर्छ। यदि तपाईंमा मुटु रोग वा उच्च रक्तचापको इतिहास छभने चिकित्सकसँग परामर्श गरेर नुन सेवनको उचित सीमा निर्धारण गर्नु अत्यन्त महत्वपूर्ण छ।

घरमा खाना पकाउँदा नुनको मात्रा नियन्त्रण गर्नु र बाहिरका प्रशोधित खानेकुरा कम गर्नुपर्छ। यसका लागि धेरै किसिमका तरकारीको सट्टा एक वा दुई किसिमका तरकारी वा दालको प्रयोग गर्ने, सागपातहरुमा नुनको प्रयोग नगर्ने, एउटा तरकारीमा नुन राखेमा अर्कोमा नराख्नेजस्ता तरिका पनि अपनाउन सकिन्छ।

नियमित रूपमा रक्तचाप जाँच गर्न र मुटु रोगको प्रारम्भिक उपचार सुनिश्चित गर्ने गरिएमा मुटुजन्य स्वास्थ्य समस्या आउन पाउँदैन। स्थानीय, ताजा र सन्तुलित खाना खाने बानी बसाल्नु, व्यायाम गर्नु र धुम्रपान तथा मद्यपान त्याग्नु जरुरी छ।

### निष्कर्ष

नुन र मुटु रोगको समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक, र सरकारी तहमा सुधारात्मक कदम उठाउन आवश्यक छ। अन्य देशहरुमा जस्तै नेपालमा पनि नुनको मात्रा घटाउन खाद्य उद्योगलाई मापदण्डअनुसार उत्पादन गर्न निर्देशन दिनुपर्ने देखिन्छ। कम नुन खाएर, स्वस्थ जीवनशैली अपनाएर र जनचेतना अभिवृद्धि गरेर यस समस्या नियन्त्रण गर्न सकिन्छ। बालबालिकाहरुलाई घरमा नुनको अधिक सेवनको बेफाइदाबारे जानकारी दिने र विद्यालयमा पनि तयारी खानालाई निषेध गर्ने तथा पाठ्यक्रमहरुमा यसबारेमा वियषयवस्तुहरु समावेश गर्न आवश्यक छ। ('मुटुको कथा' पुस्तकका लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ डा कोजुसँग गरिएको कुराकानीमा आधारित)

# उपराष्ट्रपति यादवसँग म्यानमारका राजदूतको भेटवार्ता

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि म्यानमारका राजदूत यु म्यो मिन्ट माउङले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा सोमबार भएको भेटमा नेपाल-म्यानमार द्विपक्षीय सम्बन्ध, क्षेत्रीय तथा बहुपक्षीय, आर्थिक सामाजिक एवं सांस्कृतिक र म्यानमार दुवै आर्थिक हितका लागि सहकार्य गर्दै आएको स्मरण गर्दै आगामी दिनमा दुई देशबीच भएका व्यापार तथा लगानी, पर्यटन एवं सांस्कृतिक सहकार्यसम्बन्धी समझदारी कार्यान्वयन भई आर्थिक सम्बन्ध र सहकार्य थप प्रगाढ र विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

भेटमा राजदूत माउङले नेपाल र म्यानमारले भगवान



सम्बन्धलगायत विषयमा छलफल भएको थियो ।

त्यस अवसरमा उपराष्ट्रपति यादवले सन् १९६० मार्चमा कूटनीतिक सम्बन्ध स्थापना भएयता नेपाल र म्यानमारबीच द्विपक्षीय सम्बन्ध थप प्रगाढ बन्दै गएको बताउनुभएको उहाँका प्रेस संयोजक दिनेश यादवले जानकारी दिनुभयो । उपराष्ट्रपति यादवले अतिकम विकसित राष्ट्रको मुद्दामा नेपाल बुद्धलाई उच्च सम्मान गरेको उल्लेख गर्दै बुद्धको जन्मभूमि नेपालमा काम गर्ने मौका पाएकामा खुसी व्यक्त गर्नुभयो । "नेपाल र म्यानमारबीच जनस्तरको सम्बन्ध छ ।

क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको 'नन-अलायन्स' नीतिको म्यानमार प्रशंसा गर्दछ", उहाँको भनाइ उद्धृत गर्दै उपराष्ट्रपतिको सचिवालयले भनेको छ ।रासस

# राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उद्घाटन

काठमाण्डु । सरकारले हालै सहकारी ऐन, २०७४ संशोधन गर्न जारी गरेको अध्यादेशबमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उद्घाटन गरिएको छ ।

साबिकको राष्ट्रिय सहकारी विकास बोर्डको पुल्चोकस्थित भवनमा सोमबार आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्राधिकरणको कार्यालय विधिवत् रुपमा उद्घाटन गर्नुभएको हो । कार्यक्रममा मन्त्री अधिकारीले प्राधिकरणका अध्यक्ष र सदस्यहरुलाई शपथ पनि गराउनुभएको थियो ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सहकारीमाभएकोअनियमितताको माथिदेखि तलसम्मको छानबिन गरी प्राधिकरणले काम गर्ने बताउनुभयो । ऋण असुली न्यायाधीकरण, सूचना केन्द्र र कोष पनि चाँडै स्थापना हुने मन्त्री अधिकारीको प्रतिबद्धता छ । ऐनमा भएको संशोधन अब दृढताका साथ कार्यान्वयन गर्न पनि पनि उहाँले प्राधिकरणका पदाधिकारी एवं कर्मचारीलाई निर्देशन दिनुभयो ।

सहकारी क्षेत्रमा नमिलेका ऐन, कानुन संशोधन गरी दुई वर्षभित्रमा यस क्षेत्रमा देखिएका सबै समस्या समाधान गरेर अघि बढ्ने प्रतिबद्धता पनि मन्त्री अधिकारीले कार्यक्रममा गर्नुभएको थियो । भूमिसम्बन्धी समस्या समाधानका लागि भूमि र नापी ऐन पनि संशोधन गर्न गृहकार्य भइरहेको उहाँले सुनाउनुभयो ।

प्राधिकरणका अध्यक्ष एवं मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले सरकारको यही माघ ७ गतेको निर्णयानुसार आफू अध्यक्ष भएको उल्लेख गर्दै एक हप्तामै कार्यालय स्थापनासहित उद्घाटन गर्न सकिएको बताउनुभयो । सहकारी क्षेत्रमा आइपरेका अप्ठ्याराबाट नडराई समस्या समाधान गर्दै जाने उहाँको भनाइ छ ।

देशको समृद्धिका लागि सहकारी अर्थतन्त्रको विकल्प नभएको उल्लेख गर्दै उहाँले यस क्षेत्रमा देखिएका समस्या समाधान गर्ने विकल्पमा सरकार अघि बढेको बताउनुभयो । पुँजीबाट रोजगारी सिर्जना गर्ने गरी सहकारी अभियानलाई अघि बढाउन लागिएको जानकारी पनि अध्यक्ष पोखरेलले गराउनुभयो । प्राधिकरणले देशभर खुलेका करिब ३४ हजार सहकारीमा भौतिक रुपमा पुग्न नसके पनि पाइला, आँखा र नजर पुग्नेगरी काम गर्ने प्रतिबद्धता उहाँको थियो ।

राष्ट्रिय सहकारी महासङ्घ लिमिटेडका अध्यक्ष ओमदेवी मल्लले सहकारी क्षेत्रमा यसअघि बनेका ऐन, कानुन कार्यान्वयन नभएको बताउनुभयो । उहाँले हाल प्राधिकरण स्थापना गर्नुपर्ने गरी सहकारी क्षेत्रमा समस्या आएकाले अब कानुनको कार्यान्वयन गर्न माग गर्नुभयो । देशभर ३८ वटा डिभिजन सहकारी कार्यालय हुँदा प्रत्येक सहकारीले मासिक रुपमा प्रतिवेदन बुझाउने गरेको उल्लेख गर्दै उहाँले डिभिजन कार्यालयलाई राज्य पुनर्संरचनाका क्रममा हटाइँदा अहिले समस्या आएको बताउनुभयो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ (नेफ्स्कुन) का अध्यक्ष चन्द्रप्रसाद ढकालले अध्यादेशबाट सहकारी ऐन, २०७४ मा गरिएको संशोधन पूर्ण रुपमा कार्यान्वयन गर्न माग गर्नुभयो । प्राधिकरणमा जिल्ला न्यायाधीशको अधिकारसरहको व्यवस्था गरिएकाले त्यसको सही रुपमा कार्यान्वयन गरी यस क्षेत्रमा देखिएका समस्या समाधान गर्नुपर्ने उहाँको भनाइ थियो । प्राधिकरण सञ्चालक समितिको पहिलो बैठक पनि आजै बस्ने जानकारी सो अवसरमा दिइएको थियो ।रासस

# कोशी प्रदेश लोकसेवा आयोगको पाँचौ वार्षिक प्रतिवेदन प्रदेशसभा बैठकमा पेस




विराटनगर । कोशी प्रदेशसभाको सोमबार बैठकमा प्रदेश लोकसेवा आयोगको आर्थिक वर्ष २०८०/८१को पाँचौँ वार्षिक प्रतिवेदन पेस भएको छ ।

कोशी प्रदेश सरकारको तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले सो प्रतिवेदन सदनमा पेस गर्नुभएको थियो । सभामा उद्योग, कृषि तथा सहकारीमन्त्री खगेनसिं हाङ्गामले प्रदेश बीउविजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' माथिको सैद्धान्तिक छलफलमा उठेका विषयमा यो ऐनले उत्पादन र उत्पादकत्व बढाउन मद्दत गर्ने बताउनुभयो ।

कृषि क्षेत्रको समग्र विकास गरी वर्सेनि भोग्नुपर्ने मलखाद र बीउको समस्या समाधान गर्न ऐन प्रभावकारी हुने बताउँदै उहाँले गुणस्तरीय बीउ उत्पादन, भण्डारण, प्रशोधन गरी किसानलाई उन्नत जातको बीउ उपलब्ध गराउन मद्दत गर्नुपर्नेमा जोड दिनुभयो ।

स्वदेशी बीउ प्रयोग गरे जोखिम कम हुने र भइ नै हालेमा क्षतिपूर्तिका व्यवस्था प्रदेश सरकारले गर्ने बताउँदै यो ऐनबाट किसान प्रोत्साहित हुने उहाँले बताउनुभयो ।

**विशेष समय**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका तर्फबाट उपनेता तिलकुमार मेन्याङ्बोले ताप्लेजुङको पाथीभरा क्षेत्रमा भएको घटनापछि सबै पक्षले संयमता अपनाउनुपर्ने बताउनुभयो । उहाँले घटनापछिको अवस्थालाई बिग्रन नदिन प्रहरी प्रशासनले बुद्धिमतापूर्वक काम गर्नुपर्ने बताउँदै अब थप पीडा हुने काम कसैले नगर्न आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "भाँच्चिनुभन्दा निहुरिनु राम्रो हो, दुवै पक्ष सहमति, सहकार्य र एकताबाट अघि बढ्नुपर्छ ।"

विशेष समयमा सोही सन्दर्भमा बोल्दै नेपाली कांग्रेस संसदीय दलको तर्फबाट मैया श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) संसदीय दलको तर्फबाट खिनु लङ्वा लिम्बूले पाथीभरा मुक्कुम्लुङ धार्मिक एवं सांस्कृतिक क्षेत्र भएकाले थप तनाव सृजना हुने काम कसैले नगरी वार्ताको माध्यमबाट समाधान खोज्नुपर्ने बताउनुभयो ।

> मन्त्री राईले धनकुटामा स्त्री रोग विशेषज्ञ एक/दुई दिनमै पठाउने, सुनसरीको इनरुवा अस्पतालसहित अन्य अस्पतालको स्तरोन्नति गरी आमनागरिकलाई सहज स्वास्थ्य सेवा पुऱ्याउन सरकारले काम गरिरहेको जानकारी दिनुभयो ।

उहाँहरुले घटनामा घाइते भएकाको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारको व्यवस्था सरकारले गर्नुपर्ने माग गर्नुभयो । विभिन्न समयमा सदनमा उठेका जिज्ञासाको सन्दर्भमा भौतिक पूर्वाधार तथा स्वास्थ्यमन्त्री भूपेन्द्र राईले नागरिक जीवनमा प्रत्यक्ष रुपमा जोडिने स्वास्थ्य क्षेत्रमा सुधार गरेको बताउनुभयो । उहाँले कडा रोग लागेका बिरामीका लागि प्रदेश सरकार स्वास्थ्य सहायता रकम जुटाउने विषयमा गत वर्षमा तीन हजार दुई सय ३४ निवेदन परेकामा पाँच सय जनालाई रु पाँच करोड वितरण भएको जानकारी दिनुभयो ।

उहाँले यसवर्ष पनि दुई हजार सात सय ३४ निवेदन परेकामा रु पाँच करोड नागरिक सहायता कोषमा रहेको र थप रु नौ करोड सङ्घीय सरकारसँग माग गरेको बताउँदै सम्भवत यही माघको अन्तिमतिर सम्बन्धित व्यक्तिको खातामा ५० प्रतिशत रकम पठाउने तयारी मन्त्रालयले गरेको बताउनुभयो ।

मन्त्री राईले धनकुटामा स्त्री रोग विशेषज्ञ एक/दुई दिनमै पठाउने, सुनसरीको इनरुवा अस्पतालसहित अन्य अस्पतालको स्तरोन्नति गरी आमनागरिकलाई सहज स्वास्थ्य सेवा पुऱ्याउन सरकारले काम गरिरहेको जानकारी दिनुभयो ।

**शून्य समय**

शून्य समयमा प्रदेशको समसायिक विषयमा कोशी प्रदेशसभाका सदस्य इन्द्रमणि पराजुली, मीना श्रेष्ठ, रामप्रसाद मेहता, खगेश्वरी पौडेल, सुनिता गच्छदार चौधरी, इस्राइल मन्सुरी, गोपालबहादुर विश्वकर्माले बोल्नुभएको थियो ।रासस

# वर्तमान सरकार, विकास र स्थिरताको बलियो आधार : प्रधानमन्त्री



भक्तपुर । प्रधानमन्त्री केपी शर्मा ओलीले सत्ताको खिचातानीमा मात्रै केन्द्रित हुने प्रवृत्तिबाट देशलाई मुक्त बनाउँदै दुई ठूला दलको सहकार्यमा बनेको वर्तमान सरकार, विकास र स्थिरताको बलियो आधार भएको बताउनुभएको छ ।

भक्तपुरको सूर्यविनायक नगरपालिकाको कटुञ्जेस्थित नवनिर्मित प्रशासकीय भवनको सोमबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राजतन्त्रको पालामा शासन टिकाउनका लागि मरिमेट्दा विकास राम्ररी हुन नसकेको र लोकतन्त्रयताका विकास निर्माणको गति बेग्लै भएको बताउनुभयो ।

"अब नेपालमा विकासको क्रममा अगाडि बढेको छ । जो भए पनि विकास भइहाल्छ भन्ने कुरा सही होइन । राम्रो प्रणाली नभइकन विकास हुँदैन । काम गर्ने खालको पार्टी सरकारमा नभएर विकास हुँदैन । देश साँच्चै अप्ठ्यारोमा परेकाले दुई ठूला दलको सहकार्यमा देशलाई एकताबद्ध बनाउँदै सरकारले विकासको अगुवाइ गर्नेछ । सरकार अहिले ढल्यो, भरे ढल्यो भनेर कसैले छाति पिट्नु र बिलौना गर्नुको कुनै विकल्प छैन । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले अब देशलाई स्थिरता दिने सङ्कल्प गरिसकेका छन् । यसमा ढुक्क भए हुन्छ ।"

प्रधानमन्त्री ओलीले पूर्वसहमतिअनुसार अहिले आफूले कांग्रेसबाट पूराका पूरा साथ पाएको र भोलि कांग्रेस नेतृत्वको सरकारलाई पनि एमालेले पूराका पूरा साथ दिने स्पष्ट गर्नुभयो ।

उहाँले संसद्को हिउँदे अधिवेशनलाई कानुन निर्माणका व्यापक काम दिने पनि जनाउँदै सहमति भए चाँडै संविधान संशोधन हुने र सहमति नभएमा केही समय लाग्ने स्पष्ट गर्नुभयो ।

प्रधानमन्त्री ओलीले आफूलाई रूघाखोकी लागेको समयमा अस्पतालको आइसियुमा रहेका बेलामा तस्बिर सार्वजनिक गरेर भ्रम फैलाइएकामा टिप्पणी गर्दै भन्नुभयो, "मलाई रूघाखोकी लागेको हो । एन्टिबायोटिकले अलि कमजोर बनाएको छ तर हाच्छिउँ गरेको देख्यो भने आइसियु कक्षकमा बसेको फोटो आइहाल्छ । खोक्न पाएको छैन आइसियुमा बसेको देखाउँछन् ।"

प्रधानमन्त्री ओलीले सरकारको विरोध गर्ने नाममा सीमित सङ्ख्या भएकाहरूको मोर्चा शक्ति बनाए भनेर चेतावनी दिनेहरूको भ्रमबाट मुक्त हुन पनि आग्रह गर्नुभयो ।

उहाँले नयाँ भवनलाई सदुपयोग गरेर अझ सहज र सरलताका साथ जनतालाई सेवा पुग्ने र आगामी योजनाबद्ध विकास बन्ने विश्वास व्यक्त गर्दै सोझा जनतालाई आतङ्कको छायाँमा राखेर चुनाव जित्ने जमाना सकिएकाले लोकतान्त्रिक अभ्यासबाट एकताबद्ध भएर अघि बढ्न आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रतिनिधिसभाका सदस्य दुर्लभ थापा, पूर्वमन्त्री महेश बस्नेत, नगरप्रमुख वासुदेव थापालगायतले राजनीतिमा प्रतिस्पर्धा र विकास निर्माणका ऐक्यबद्धताको मर्मका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# प्रधानमन्त्री ओलीको आह्वानमा सत्तापक्षीय दलको बैठक जारी

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीको आह्वानमा सङ्घीय संसद्को आसन्न हिउँदे अधिवेशनमा सत्ता पक्षको तयारी र सरकारका कामको प्रभावकारितालगायत विषयमा छलफल गर्न प्रधानमन्त्री निवास बालुवाटारमा अहिले सत्तापक्षीय राजनीतिक दलको बैठक बसिरहेको छ ।

बैठकमा प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, एमालेका उपाध्यक्ष एवं उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेल, कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउत, जनता समाजवादी



पार्टी नेपालका नेता राजकिशोर यादव तथा संसदीय दलका प्रमुख सचेतसमेत सहभागी हुनुहुन्छ ।

बैठकको आरम्भ गर्दै प्रधानमन्त्री ओलीले जनसेवा र विकास निर्माणका कामलाई गति दिन अत्यावश्यक अध्यादेशलाई संसद्को पहिलो दिनमै पेस र छिट्टै प्रतिस्थापन विधेयक प्रस्तुत गर्नुपर्ने बताउनुभयो । उहाँले संसद्लाई पर्याप्त बिजनेस दिएर कानुन निर्माणका कामलाई तीव्रता दिन राजनीतिक दल र सांसद्हरूको प्रभावकारी भूमिका आवश्यक पर्ने बताउनुभयो ।यही माघ १८ गतेदेखि संसद्को अधिवेशन प्रारम्भ हुँदैछ ।रासस

# 'युएसएआइडी'ले स्रोत बेहोर्ने चार परियोजनाका काम रोक्न अर्थको निर्देशन

काठमाण्डु । अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआइडी) र नेपाल सरकारबीच भएको अनुदान सहयोगअन्तर्गतका केही परियोजनाको काम नगर्न अर्थ मन्त्रालयले निर्देशन दिएको छ ।

अर्थ मन्त्रालयले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै यूएसएआइडीको सहवित्तीय लगानी भएका आयोजनामा उसको स्रोतमा दायित्व सिर्जना हुने गरी काम नगर्न निर्देशन दिएको जनाएको छ ।

"यूएसएआइडी र नेपाल सरकारबीच २०२२ मे ५ मा हस्ताक्षर भएको डेभलपमेन्ट अब्जेक्टिभ अग्रिमेन्टमार्फत् नेपाललाई प्राप्त भएको अनुदान सहायतामध्ये बजेट प्रणालीमार्फत सञ्चित कोषबाट भुक्तानी हुने प्रकृतिका चार वटा आयोजनाहरूमा प्राप्त अनुदान सहयोग तत्काल




९० दिनका लागि स्थगित भएको युएसएआइडी नेपालले पत्रमार्फत जानकारी गराएको छ", विज्ञप्तिमा भनिएको छ, "यस अवधिमा स्थगित भएका आयोजनाअन्तर्गत युएसएआइडी स्रोततर्फ कुनै दायित्व सिर्जना गर्ने कार्य नगर्न सम्बन्धित सबै सम्बद्ध निकायहरुलाई जानकारी गराइएको छ ।" मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको बजेटमा परेका 'यूएसएआइडी हेल्थ डिरेक्ट फाइनान्सिङ प्रोजेक्ट', 'यूएसएआइडी एग्रीकल्चर डाइरेक्ट फाइनान्सिङ प्रोजेक्ट', 'यूएसएआइडी एजुकेसन डाइरेक्ट फाइनान्सिङ प्रोजेक्ट' र 'यूएसएआइडी इन्क्लुसिभ पोलिसी डाइरेक्ट फाइनान्सिङ प्रोजेक्ट'मा यूएसएआइडीले सहवित्तीय लगानी गरेको छ । युएसएआइडीले यी आयोजनामा आउने अनुदान ९० दिनका लागि रोकिएको जानकारी अर्थ मन्त्रालयलाई गराएकाले उसको स्रोतबाट हुने खर्चअन्तर्गतका काम रोक्न निर्देशन दिइएको मन्त्रालयका सहसचिव महेश भट्टराईले जानकारी दिनुभयो ।रासस


## राजर्षि जनक विश्वविद्यालय
### मानविकी तथा कानून संकाय
### डीनको कार्यालय, जनकपुरधाम

**सूचना ! सूचना !! सूचना !!!**

**दोश्रो पटक सूचना प्रकाशित मिति: २०८१/१०/१५**

राजर्षि जनक विश्वविद्यालय अन्तर्गत मानविकी तथा कानून संकायद्वारा शैक्षिक सत्र २०८१ कोलागि Online (भर्चुवल) विधिबाट संचालन हुने पूर्विय दर्शन (Eastern Philosophy) विषयको दर्शनाचार्य (Master of Philosophy) तहमा भर्नाको लागि आवेदन फर्मको म्याद मिति २०८१/१०/३० गते सम्म र विलम्ब शुल्क सहित मिति २०८१/११/०९ गते सम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रवेश परीक्षा मिति र समय:** २०८१/११/२० गते विहान ११:००-१२:०० बजे सम्म online

**विस्तृत जानकारीको लागि सम्पर्क नं** ९८५४०२३२३५, ९८६०८३३६६३ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**डीन**



**मधेश प्रदेश सरकार**
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
### जनकपुरधाम, धनुषा

## Improvised portable शित भण्डार निर्माण छनौटका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/१०/१५**

यस मन्त्रालयको चालु आ. व.२०८१/०८२ को स्वीकृत कार्यक्रम "Improvised portable शित भण्डार निर्माण कार्यक्रम" सञ्चालन गर्न छनौटका लागि ईच्छुक आवेदक (कृषि/पशुपन्छी/मत्स्य क्षेत्रमा संलग्न सहकारी/कृषक समूह/फार्म/कम्पनी/उद्योग/बजार समिति) ले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र कार्यालय समयमा तपसिल अनुसारको कागजातहरु सहित प्रस्ताव पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१. अनुसूची-२ बमोजिमको आवेदन
२. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा)
५. अनुसूची-३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार)
८. आवश्यक अन्य कागजात।

**नोट:** प्रथम पटक प्रकाशित सूचना अनुसार आवेदन पेश गर्नुहुने आवेदकले पुनः आवेदन पेश गर्नु नपर्ने ।

**नोट:** अन्य आवश्यक जानकारीको लागि यस मन्त्रालयको वेभसाइट https://molmac.madhesh.gov.np हेर्न सक्नु हुनेछ।

**कार्यक्रम फोकल व्यक्ति:-** श्री नविन खड्का (खाद्य अनुसन्धान अधिकृत), मो.नं. ९८४५२९१४१९

# महा कुम्भ मेलाका भव्य तस्विरहरू साझा

एएनआई

प्रयागराज । नासाका अन्तरिक्ष यात्री डोनाल्ड पेटिटले हालै अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) बाट खिचिएका २०२५ को महा कुम्भ मेलाको मनमोहक तस्बिरहरू साझा गर्नुभएको छ।

एक्स (पूर्व ट्विटर) मा गरिएको आफ्नो पोस्टमा पेटिटले टिप्पणी गर्नुभएको छ, "२०२५ महाकुम्भ मेला गङ्गा नदी तीर्थयात्रा आइएसएसबाट रातको समयमा। संसारको सबैभन्दा ठूलो मानव जमघट राम्रोसँग उज्यालो छ।"उहाँको दृष्टिकोणले यस कार्यक्रमको विशाल परिमाणलाई उजागर गर्छ, जसले विश्वभरका लाखौं भक्तजनलाई आकर्षित गरेको छ।

प्रयागराजमा चलिरहेको महा कुम्भ मेलामा धार्मिक उत्सवको पहिलो १४ दिनमा नै ११ करोडभन्दा बढी मानिस सहभागी भइसकेका छन्। यसले महा कुम्भलाई विश्वको सबैभन्दा ठूलो आध्यात्मिक जमघटको रूपमा चिनाएको छ।

प्रत्येक १२ वर्षमा हुने यस कार्यक्रमले सन् २०२५ फेब्रुअरी २६ मा यसको समापन नभएसम्म ठूलो भीडलाई आकर्षित गर्न जारी राख्ने अपेक्षा गरिएको छ। विश्वका सबै कुनाबाट लाखौं भक्तजन आइपुग्दा यो उत्सव आस्था र एकताको जीवन्त उत्सवको रूपमा रहेको छ।

तीर्थयात्रीहरू गङ्गा, यमुना र सरस्वती (अहिले लोप भएको) नदीहरूको सङ्गमस्थलमा पापहरू पखाल्ने र मोक्ष (मुक्ति) को बाटो खोल्ने विश्वास गरिएको अनुष्ठानिक स्नानका लागि यात्रा गर्छन् ।यो पवित्र डुबुल्की (स्नान) सनातन धर्ममा निहित पर्वको आध्यात्मिक महत्त्वको केन्द्रविन्दु हो। यो जमघट खगोलीय पङ्क्तिबद्धताको समयमा हुन्छ जसले आध्यात्मिक शुद्धीकरण र भक्तिका लागि दुर्लभ र शुभ अवसर सिर्जना गर्छ।

महा कुम्भ मेलाले लाखौं धार्मिक भक्तजनलाई एकजुट गर्ने मात्र नभई गहन आध्यात्मिक र सांस्कृतिक अर्थ पनि बोकेको छ। चिसो मौसम भए पनि ठूलो सङ्ख्यामा भक्तजनहरूले सङ्गमको पवित्र जलमा स्नान गर्न चिसोको सामना गरेका छन् ।यो कार्यक्रम भाषा, जीवनशैली र परम्पराका सीमाहरू पार गर्दै सामूहिक आध्यात्मिकताको एक महत्वपूर्ण प्रतीक हो।

उत्सव जारी रहँदा अधिकारीहरूले जनवरी २९ को मौनी अमावस्याका लागि व्यापक तयारी गरिरहेका छन्। उक्त दिन अझै ठूलो भीडको अपेक्षा गरिएको छ ।यस अवधिमा अनुमानित ४५ करोड आगन्तुकको अपेक्षित उपस्थितिले भारतका लागि एक ऐतिहासिक अवसर बनाउनेछ ।महा कुम्भ मेला आगन्तुकहरूका लागि एक विस्मयकारी दृश्य बनिरहेको छ।

# घरेलु हतियार उद्योगलाई बढावा दिँदै भारत



एएफपी

नयाँदिल्ली ।रुसी सैन्य हार्डवेयरमा लामो समयदेखिको निर्भरता घटाउने भारतको प्रयास नयाँ पश्चिमी मित्रराष्ट्रहरूको साथ र तीव्र गतिमा बढ्दो घरेलु हतियार उद्योगपछि फलदायी भइरहेको विश्लेषकहरूले बताएका छन्।

मस्कोको सैन्य-औद्योगिक परिसर युक्रेनमा चलिरहेको युद्धमा व्यस्त रहेको बेला भारतले आफ्नो सशस्त्र बलको आधुनिकीकरणलाई उच्च प्राथमिकता दिएको छ ।विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको राष्ट्र र यसको उत्तरी छिमेकी चीनबीचको तनाव विशेष गरी उनीहरूको सेनाहरू बीच सन् २०२० को घातक झडपपछि त्यो अत्यावश्यकता बढेको छ।

"चीनसँगको आफ्नो सुरक्षा वातावरणबारे भारतको धारणा नाटकीय रूपमा परिवर्तन भएको छ", नयाँदिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसन थिङ्क-ट्याङ्कका हर्ष भी पन्तले भन्नुभयो।
उनीहरूको साझा सीमामा भएको झडपपछि दुई छिमेकीबीचको सम्बन्ध बिग्रियो, जसमा २० जना भारतीय र कम्तीमा चार जना चिनियाँ सैनिक मारिएका थिए।

"यसले प्रणालीलाई हल्लाएको छ र अहिले जे सबैभन्दा राम्रो छ त्यो गर्नुपर्छ र धेरै चाँडो गर्नुपर्छ भन्ने महसुस भएको छ", पन्तले घटनाका बारेमा भन्नुभयो। स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री) का अनुसार सन् २०१९-२३ मा विश्वव्यापी रूपमा सबै आयातको करिब १० प्रतिशत हिस्सा ओगट्दै भारत विश्वको सबैभन्दा ठूलो हतियार आयातकर्ता बनेको छ।

आगामी वर्षहरूमा संयुक्त राज्य अमेरिका, फ्रान्स, इजरायल र जर्मनीबाट दशौं अर्ब डलर बराबरका अर्डरहरूसहित अझै धेरै आउने क्रममा छ ।भारतीय मिडिया रिपोर्टहरूका अनुसार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अर्को महिना फ्रान्स जानुहुनेछ। त्यहाँ उहाँले राफेल लडाकू विमान र स्कर्पिन-श्रेणीका पनडुब्बीहरूका लागि करिब १० अर्ब डलर बराबरका सम्झौताहरूमा हस्ताक्षर गर्नुहुने अपेक्षा गरिएको छ।

## परिवर्तन गर्न सजिलो छैन

रक्षामन्त्री राजनाथ सिंहले स्थानीय हतियार उत्पादनलाई प्रोत्साहन दिन सन् २०३३ सम्ममा कम्तीमा एक सय अर्ब डलर बराबरको नयाँ घरेलु सैन्य हार्डवेयर सम्झौता गर्ने वाचा गर्नुभएको छ।

"भारत परम्परागत रूपमा दशकौंदेखि आयातकर्ता रहँदै आएको छ र पछिल्लो दशकमा स्वदेशी उत्पादनमा मात्र जोड दिएको छ", रणनीतिक मामिला विश्लेषक नितिन गोखलेले देशमा 'उच्च-स्तरको प्रविधि' हतियार प्रणाली निर्माण गर्ने क्षमताको अभाव रहेको उल्लेख गर्दै भन्नुभयो, "यो परिवर्तन गर्न सजिलो छैन, सबै कुरा यहाँ निर्माण वा उत्पादन गर्न सकिँदैन ।"तर यसका प्रयासहरूले अझै पनि धेरै प्रभावशाली उपलब्धिहरू हासिल गरेका छन्।

यस दशकमा भारतले एउटा विशाल नयाँ हेलिकप्टर कारखाना खोलेको छ, आफ्नो पहिलो घरेलु विमान वाहक पोत सुरु गरेको छ र लामो दूरीको हाइपरसोनिक मिसाइलको सफल परीक्षण गरेको छ ।यसको बदलामा बढ्दो हतियार निर्यात बजारलाई बढावा दिएको छ जसले गत वर्ष दुई अर्ब ६३ करोड डलरको बिक्री देख्यो। यो अझै पनि स्थापित खेलाडीहरूको तुलनामा सानो रकम भए पनि एक दशकमा ३० गुणाले वृद्धि भएको छ।

भारतले आउँदा हप्ताहरूमा इन्डोनेसियाको सेनालाई करिब ४५ करोड डलर बराबरको सम्झौतामा सुपरसोनिक क्रुज मिसाइल आपूर्ति गर्ने ऐतिहासिक सम्झौता घोषणा गर्ने अपेक्षा गरिएको छ ।सरकारले स्थानीय उत्पादन बढाउने उद्देश्यले गत वर्ष रक्षामा खर्च गरेको ७५ अर्ब डलरको महत्त्वपूर्ण अंशसहित सन् २०२९ सम्ममा यो आँकडा तिन गुणा बनाउने लक्ष्य राखेको छ।

## जोखिम फैलाउने

हालैका वर्षहरूमा भारतले संयुक्त राज्य अमेरिका, जापान र अस्ट्रेलियासँगको बहुप्रतिक्षित क्वाड गठबन्धनसहित पश्चिमी देशहरूसँग रक्षा सहयोगलाई गहिरो बनाएको छ । यो पुनर्निर्देशनले भारतलाई पश्चिमी देशहरूका आपूर्तिकर्ताहरूसँग सैन्य ड्रोन, नौसेना जहाज, लडाकू विमान र अन्य हार्डवेयर आयात गर्न र स्थानीय रूपमा सह-उत्पादन गर्न विभिन्न सम्झौताहरूमा हस्ताक्षर गर्न मद्दत गरेको छ ।यसले लामो समयदेखिको सहयोगी रुसबाट भारतको हतियारको हिस्सामा पनि गिरावट ल्याएको छ। रुसले २००९-१३ मा यसको सैन्य आयातको ७६ प्रतिशत आपूर्ति गरेकोमा २०१९-२३ मा ३६ प्रतिशत मात्र रहेको सिप्रीको तथ्याङ्कले देखाएको छ।

यद्यपि नयाँदिल्लीले पश्चिमी राष्ट्रहरूसँग घनिष्ठ साझेदारी गर्दै मस्कोसँग भारतको ऐतिहासिक न्यानो सम्बन्धहरू बीचको नाजुक सन्तुलन कायम राख्ने प्रयास गरेको छ ।मोदी सरकारले रुसको सन् २०२२ को युक्रेन आक्रमणको स्पष्ट निन्दा गर्न वासिङ्टन र अन्य ठाउँबाट आएको दबावलाई प्रतिरोध गरेको छ । बरु दुवै पक्षलाई वार्ताको टेबलमा आउन आग्रह गरेको छ।

क्रुज मिसाइल र आणविक पनडुब्बी प्रविधि लगायत उन्नत हतियार आपूर्तिकर्ताका रूपमा अझै पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने रुससँगको सम्बन्ध त्याग्ने स्थितिमा भारत नभएको गोखलेले बताउनुभयो।

"भारतले निश्चित रूपमा अन्य देशहरूबाट स्रोत लिएर आफ्नो जोखिमहरू फैलाएको छ", उहाँले भन्नुभयो, "तर रुस एक धेरै महत्त्वपूर्ण र भरपर्दो साझेदार रहिरहेको छ।"

# सहमतिपछि विस्थापित प्यालेस्टिनी उत्तरी गाजातर्फ फर्के



एएफपी

गाजा सिटी । इजरायल र हमासले थप छ जना बन्धकलाई रिहा गर्ने सम्झौता भएको छ । बन्धक र कैदी आदानप्रदानका लागि थप कुटनीतिक वार्तापछि प्यालेस्टिनीहरू सोमबारदेखि युद्धग्रस्त गाजा पट्टीको उत्तरी क्षेत्रमा फर्किन थालेका छन्।

इजरायल-हमास युद्धले गाजा पट्टीलाई तहसनहस पारेको छ र यसका लगभग सबै बासिन्दाहरूलाई विस्थापित गरेको छ । गाजामा चलेको १५ महिनाभन्दा बढीको द्वन्द्व अन्त्य गर्ने उद्देश्यले एक सम्झौता अन्तर्गत थप बन्धक-कैदी अदला-बदलीको लागि मार्ग प्रशस्त भएको छ।

हमासले नागरिक महिला बन्धकहरूलाई रिहा गर्न असफल भएको भन्दै इजरायलले उत्तरी गाजामा प्यालेस्टिनीहरूको ठूलो भीडलाई उनीहरूको घर फर्कनबाट रोक्दै आएको थियो ।हमासको नेतृत्वमा रहेको प्यालेष्टिनी गृह मन्त्रालयका एक अधिकारीले एएफपीलाई बताएअनुसार प्यालेस्टिनीहरूको भीड सोमबार बिहानैदेखि उत्तरतर्फ जान थालेको छ।

"विस्थापित प्यालेस्टिनीहरूको बाटो खुल्न थालेको छ", ती अधिकारीले भने। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले बिहीबार तीन जना र शनिबार अन्य तीन जनालाई रिहा गर्ने सहमति भएको जनाएको छ।

हमासले सोमबार जारी गरेको विज्ञप्तिमा उक्त सहमतिको पुष्टि गरेको छ।

यसैबीच प्यालेस्टिनी नेताहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजालाई 'खाली' गर्ने योजनाको निन्दा गर्दै युद्धग्रस्त क्षेत्रका बासिन्दालाई जबर्जस्ती विस्थापित गर्ने कुनै पनि प्रयासको प्रतिरोध गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजा 'विध्वंसस्थल' बनेको बताउँदै जोर्डनका राजा अब्दुल्लाह द्वितीयसँग प्यालेस्टिनीलाई बाहिर निकाल्ने विषयमा कुरा भएको बताउनुभएको थियो।

"इजिप्टले गाजामा रहेका आफ्ना मानिसहरूलाई लिएर जाओस् र जोर्डनले पनि त्यसै गरोस् भन्ने म चाहन्छु", ट्रम्पले शनिबार एयर फोर्स वनमा पत्रकारहरूसँगको कुराकानीमा भन्नुभयो, "तपाईं शायद १५ लाख मानिसहरूको बारेमा चिन्ता व्यक्त गर्दै हुनुहुन्छ, र हामी त्यो सबै खाली गर्न चाहन्छौं । तपाईंलाई थाहा छ, शताब्दियौंदेखि यो स्थानमा धेरै सङ्घर्षहरू थिए । मलाई थाहा छैन तर त्यहाँ केहि हुनुपर्छ।

सन् २०२३ को अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणपछि सुरु भएको युद्धका कारण गाजाका २४ लाख जनसङ्ख्यामध्ये अधिकांश विस्थापित भएका छन् ।शनिबार ट्रम्पले गाजाका बासिन्दालाई स्थानान्तरण गर्नु 'अस्थायी वा दीर्घकालीन पनि' हुन सक्ने बताउनुभएको थियो।

इजरायलको कब्जामा रहेको वेस्ट बैंकमा रहेका प्यालेस्टाइनी नेता महमुद अब्बासले गाजाबाट प्यालेस्टाइनीहरुलाई विस्थापित गर्ने उद्देश्यले सञ्चालित कुनै पनि परियोजनाको कडा अस्वीकार र भर्त्सना गर्नुभएको छ।

हमासको राजनीतिक ब्यूरोका सदस्य बासेम नईमले एएफपीसँग भन्नुभयो, "प्यालेस्टिनीहरूले यस्ता परियोजनाहरूलाई विफल पार्नेछन्, जसरी उनीहरूले 'दशकौंदेखि विस्थापन र वैकल्पिक मातृभूमिका लागि' यस्तै योजनाहरू गर्दै आएका छन्।"

गाजामा हमाससँग मिलेर लडेको इस्लामिक जिहादले ट्रम्पको विचारलाई 'निन्दनीय' भनेको छ।

> गाजामा हमाससँग मिलेर लडेको इस्लामिक जिहादले ट्रम्पको विचारलाई "निन्दनीय" भनेको छ ।

इस्लामिक जिहादले भनेको छ, "प्यालेस्टिनीहरूका लागि गाजाबाट उनीहरूलाई अन्यत्र सार्ने कुनै पनि प्रयासलाई अरब संसारले 'नक्बा' वा विपत्ति भनेको छ । यसले सन् १९४८ मा इजरायलको स्थापनाको समयमा प्यालेस्टिनीहरूको सामूहिक विस्थापनको अँध्यारो सम्झनाहरू जगाउनेछ।"हामी ट्रम्प र सम्पूर्ण विश्वलाई भन्छौं, जे सुकै भए पनि हामी प्यालेस्टाइन वा गाजा छोड्ने छैनौं," गाजाका विस्थापित बासिन्दा रशाद अल-नाजीले भन्नुभयो । इजरायलका अति दक्षिणपन्थी अर्थमन्त्री बेजालेल स्मोटरिचले युद्धविराम सम्झौताको विरोध गर्दै गाजामा इजरायली बस्ती पुनः स्थापनाका लागि समर्थन जनाउनुभएको छ।

अरब लिगले उक्त प्रस्तावलाई अस्वीकार गर्दै प्यालेस्टिनी जनतालाई आफ्नो भूमिबाट विस्थापित गर्ने प्रयासविरुद्ध चेतावनी दिएको छ ।लिगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "जबर्जस्ती विस्थापन र आफ्नो भूमिबाट मानिसहरूलाई निष्कासन गर्नुलाई जातीय सफाया मात्र भन्न सकिन्छ।"

जोर्डनका विदेशमन्त्री अयमान सफादीले भन्नुभयो, "प्यालेस्टिनीहरूको विस्थापन योजनामा हाम्रो दृढ अस्वीकृति छ र स्थानान्तरण हुनेछैन। जोर्डन जोर्डनका लागि हो र प्यालेस्टाइन प्यालेस्टिनीका लागि हो ।इजिप्टको विदेश मन्त्रालयले प्यालेस्टाइनको 'अविभाज्य अधिकार' को कुनै पनि उल्लङ्घनलाई अस्वीकार गरेको जनाएको छ ।इजरायलले बन्धक बनाइएकी एक महिला अर्बेल येहुदको रिहाइ नभएसम्म प्यालेस्टिनीलाई आवतजावतमा रोक लगाउने बताएको थियो । नेतन्याहूको कार्यालयका अनुसार उनी बिहीबार स्वदेश फर्कने कार्यक्रम रहेको छ।

हमासले उत्तरमा फर्कन रोक्नु पनि युद्धविरामको उल्लङ्घन भएको बताउँदै येहुदको रिहाईका लागि आवश्यक सबै ग्यारेन्टी प्रदान गरेको जनाएको छ ।इजरायली सेनाका प्रवक्ता अविचय अद्राईले सोमबार स्थानीय समयअनुसार बिहान ७ बजेदेखि पैदल र बिहान ९ बजे कारमा फर्किन अनुमति दिइने बताउनुभएको छ।

गाजा युद्धविरामको पहिलो चरणमा इजरायली जेलमा रहेका करिब एक हजार ९०० प्यालेस्टिनीहरूको बदलामा ३३ जना बन्धकहरूलाई छ हप्तामा चरणबद्ध रूपमा रिहा गरिने सहमति भएको छ र सम्झौताका बुँदा अनुसार अन्यथा नभएमा यो आदानप्रदान सुनिश्चित गरिएको छ।

पछिल्लो पटक भएको अदलाबदलीमा चार जना इजरायली महिला बन्धक, सबै सैनिक र २०० जना कैदी, लगभग सबै प्यालेस्टिनीलाई शनिबार रिहा गरिएको थियो।

# ट्रम्पको धम्कीपछि निर्वासित नागरिकलाई स्वीकार गर्न कोलम्बिया सहमत



एएफपी

वासिङ्टन । राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो सामूहिक निर्वासन योजनाको अवज्ञालाई सजाय दिन पीडादायी शुल्क लगाउने धम्की दिएको केही घन्टापछि कोलम्बिया आइतबार अमेरिकी सैन्य विमानमा पठाइएको निर्वासित नागरिकहरूलाई स्वीकार गर्न सहमत भएको छ।

कोलम्बियाका वामपन्थी राष्ट्रपति गुस्ताभो पेत्रोले यसअघि नागरिक विमान जस्ता 'सम्मानजनक' माध्यमबाट मात्र नागरिकहरूलाई फिर्ता लिने बताउनुभएको थियो र निर्वासित कोलम्बियालीहरू बोकेका दुई अमेरिकी सैन्य विमानहरूलाई फिर्ता पठाउनुभएको थियो ।कार्यालयमा फर्केको एक हप्ता नबित्दै ट्रम्पले रिसाउँदै ल्याटिन अमेरिकाको चौथो ठूलो अर्थतन्त्र कोलम्बियाविरुद्ध २५ प्रतिशतको प्रतिबन्ध लगाउने र छिट्टै ५० प्रतिशतसम्म बढाउने धम्की दिनुभएको थियो।

पेत्रोले सुरुमा प्रतिकार गर्न खोज्नुभयो र अमेरिकी उत्पादनहरूमा आफ्नै भन्सार महसुल लगाउने प्रयास गर्नुभयो तर अस्थिर आइतबारको अन्त्यसम्म उहाँ पछि हट्नुभयो ।कोलम्बियाका विदेशमन्त्री लुइस गिल्बर्टो मुरिलोले मध्यरातको पत्रकार सम्मेलनमा आफ्नो देशले 'गतिरोध पार गरेको' र फर्केका नागरिकहरूलाई स्वीकार गर्ने बताउनुभयो।

"कोलम्बिया संयुक्त राज्य अमेरिकाबाट फिर्ता गरिएका सबै गैरकानूनी कोलम्बियाली नागरिकहरूलाई अमेरिकी सैन्य विमानसहित कुनै सीमा वा ढिलाई बिना असीमित स्वीकृति दिन सहमत भएको छ", ह्वाइट हाउसको विज्ञप्तिमा भनिएको छ, "आजको घटनाले अमेरिकालाई फेरि सम्मान गरिएको छ भन्ने विश्वलाई स्पष्ट पार्छ, राष्ट्रपति ट्रम्पले हाम्रो

> कोलम्बिया सरकारले पहिले आप्रवासीहरूलाई "सम्मानका साथ" यातायात गर्न संयुक्त राज्य अमेरिकामा आफ्नो राष्ट्रपतिको विमान पठाउन तयार रहेको बताएको थियो ।

राष्ट्रको सार्वभौमिकताको दृढतापूर्वक रक्षा गर्न जारी राख्नुहुनेछ र उहाँले विश्वका सबै राष्ट्रले संयुक्त राज्य अमेरिकामा गैरकानूनी रूपमा रहेका आफ्ना नागरिकहरूको निर्वासनमा पूर्ण सहयोग गर्ने अपेक्षा गर्नुहुन्छ।"

ट्रम्पले आफूले करको कार्यान्वयन स्थगित गर्ने बताउनुभएको छ ।संयुक्त राज्य अमेरिकासँग मुक्त व्यापार सम्झौता गरेको र ऐतिहासिक रूपमा ल्याटिन अमेरिकामा वासिङ्टनको सबैभन्दा नजिकको सहयोगी रहँदै आएको कोलम्बियामाथि ट्रम्पले कति छिटो भन्सार महसुल लगाउनु सक्नुहुन्छ भन्ने पहिले नै अस्पष्ट थियो।

विदेशमन्त्री मार्को रुबियोले बोगोटामा रहेको अमेरिकी दूतावासमा भिसा जारी गर्न स्थगित गर्नुभयो र कोलम्बियाली सरकारी अधिकारीहरू र उनीहरूका नजिकका परिवारका सदस्यहरूको भिसा रद्द गरिने बताउनुभयो । विदेशमन्त्री रुबियोकी पत्नी कोलम्बियाली-अमेरिकी हुनुहुन्छ।
ह्वाइट हाउसले भिसा सम्बन्धी उपायहरू निर्वासितहरूको पहिलो विमान फर्कुन्जेलसम्म जारी रहने बताएको छ । ट्रम्पले अमेरिकी विमानस्थलहरूमा कोलम्बियालीहरूलाई थप छानबिन गर्ने वाचासमेत गर्नुभएको छ।

## उपचारबारे चिन्ता

आफ्नो चुनावी अभियानका क्रममा आप्रवासीहरूले संयुक्त राज्य अमेरिकाको 'रगत विषाक्त' पारिरहेका छन् भन्नुभएका ट्रम्पले कागजातविहीन मानिसहरूलाई पक्राउ गर्ने र द्रुत रूपमा निर्वासित गर्ने वाचा गर्दै पदभार ग्रहण गर्नुभएको थियो।

ग्वाटेमालासहित केही देशले सैन्य निर्वासन उडानहरू स्वीकार गरेका छन्, तर ट्रम्पले सन् २०२२ मा कोलम्बियाको पहिलो वामपन्थी नेताका रूपमा निर्वाचित पूर्व छापामार पेत्रोको प्रतिरोधको सामना गर्नुपरेको थियो ।"संयुक्त राज्य अमेरिकाले कोलम्बियाका आप्रवासीहरूलाई अपराधीका रूपमा व्यवहार गर्न सक्दैन । म कोलम्बियाका आप्रवासीहरू बोकेको अमेरिकी विमानहरूलाई हाम्रो क्षेत्रमा प्रवेश गर्न निषेध गर्दछु", पेत्रोले पहिले एक्समा लेख्नुभएको थियो।

कोलम्बिया सरकारले पहिले आप्रवासीहरूलाई 'सम्मानका साथ' यातायात गर्न संयुक्त राज्य अमेरिकामा आफ्नो राष्ट्रपतिको विमान पठाउन तयार रहेको बताएको थियो ।पेत्रोले आफ्नो देशमा १५ हजार छ सय कागजात नभएका अमेरिकीहरू बसोबास गरिरहेको पनि बताउनुभयो र उनीहरूलाई 'आफ्नो स्थिति नियमित गर्न' आग्रह गर्नुभयो । साथै उहाँले उनीहरूलाई पक्राउ गर्न र निर्वासन गर्न छापा मार्ने कुरालाई अस्वीकार गर्नुभयो।

पेत्रोको प्रारम्भिक कडा रणनीतिले ऐतिहासिक अमेरिकी सहयोगीमा रहेका उहाँका धेरै आलोचकहरूलाई क्रोधित बनायो ।पूर्व दक्षिणपन्थी राष्ट्रपति इभान डुकले पेत्रोलाई गैरकानूनी आप्रवासीहरूलाई फिर्ता लिने कोलम्बियाको 'नैतिक कर्तव्य' भनेको कुरालाई अस्वीकार गरेकोमा 'अत्यन्त गैरजिम्मेवार कार्य' को आरोप लगाउनुभयो र अमेरिकी प्रतिबन्धले 'विशाल' क्षति पुऱ्याउने चेतावनी दिनुभयो।

## बाँधिएका हात र खुट्टा

ट्रम्पको निर्वासन धम्कीले उहाँलाई ल्याटिन अमेरिकाका सरकारहरूसँग सम्भावित टकरावको स्थितिमा पुऱ्याएको छ जुन संयुक्त राज्य अमेरिकाका अनुमानित एक करोड १० लाख कागजात नभएका आप्रवासीहरूको मूल थलो हो ।वामपन्थी राष्ट्रपतिको नेतृत्वमा रहेको ब्राजिलले शुक्रबार दर्जनौं ब्राजिलियाली आप्रवासीलाई आफ्नो देशमा फिर्ता पठाएको ट्रम्प प्रशासनले गरेको व्यवहारप्रति आक्रोश व्यक्त गरेको छ।

ट्रम्पको फिर्तीभन्दा पहिलेको द्विपक्षीय सम्झौताअन्तर्गत निर्वासन गरिएका आप्रवासीहरूलाई उडानमा हतकडी लगाइएको थियो । यसलाई ब्राजिलले उनीहरूको मौलिक अधिकारको 'स्पष्ट अवहेलना' भनेको छ ।"विमानमा उनीहरूले हामीलाई पानी दिएनन्, हाम्रा हात र खुट्टा बाँधिएका थिए, शौचालय जान समेत दिएनन्", निर्वासित ८८ आप्रवासीमध्येका ३१ वर्षीय कम्प्युटर प्राविधिक एडगर डा सिल्भा मौराले भन्नुभयो, "धेरै गर्मी थियो, केही मानिसहरू बेहोस भए।"

होन्डुरासका राष्ट्रपति सियोमारा कास्त्रोले पछिल्ला अमेरिकी कदमहरूपछि आप्रवासनबारे छलफल गर्न बिहीबार टेगुसिगल्पामा ल्याटिन अमेरिकी तथा क्यारेबियन राष्ट्रहरूको समुदाय (सेलाक) का नेताहरूको आकस्मिक बैठक बोलाउनुभएको छ।

# स्वदेशमा उद्यम गर्दै भविष्य बनाइरहेछन् केही पौरखी युवा



काठमाण्डु । बिहान अरुले हातमुख धुँदैगर्दा हर्क विकले रु दुई हजारको व्यापार गरिसक्नुहुन्छ । घरघरमा पुगेर ग्राहकलाई दूध पुर्याएर उहाँ कर्मस्थल फर्किनुहुन्छ । बुढानीलकण्ठ-६ मा गाईपालन र तरकारीखेती एकसाथ गर्नुभएका अछामका ३३ वर्षे विकलाई कृषि पेशा निकै फापेको छ ।

राजनीतिक र सामाजिक कार्यसमेतमा सक्रिय विक मेहनत गर्नेलाई अर्थोपार्जन गर्न विदेश जानुपर्दैन भन्ने लाग्छ। एक वर्षदेखि उहाँले बुढानीलकण्ठमा पाँच रोपनी जमिन भाडामा लिएर ६ वटा गाईसँगै तरकारी खेती पनि थाल्नुभएको हो। गाइपालनमा प्रशस्त आम्दानी हुने भएकाले उहाँले परिवारसमेतलाई यही पेशामा आबद्ध गराउनुभयो। सरकारी जागिरे उहाँकी श्रीमतीले जागीरै छोडेर विकको कृषि कार्यमा साथ दिनु थाल्नुभयो । “गाउँका बेरोजगार र विदेश पलायन हुनथालेका युवालाई आफ्नै कृषि फार्ममा रोजगार दिएकोछु,” विकले भन्नुभयो, “स्वदेशमा परिश्रम गरे आम्दानी गर्न कठिन छैन।”

कृषि बजारमा थुप्रै सम्भावना छन् । बिचौलियाले किसान र उपभोक्तालाई ठगेका उहाँको गुनासो छ । यो बेथितिदेखि जोगीन विकले आफ्नै डेरीसमेत सञ्चालन गर्ने योजना बनाएको सुनाउनुभयो । मल्टिभिजन एग्रोप्रडक्सन एण्ड सप्लायर नामको कम्पनी स्थापना गरेर उहाँले आफ्नै लगानीमा कृषिकर्म थाल्नु भएको हो ।

दोलखाका निकेश श्रेष्ठ अर्का उदाहरणीय युवा उद्यमी हुनुहुन्छ। श्रवण क्षमता कम भएका उहाँ कम्प्युटर इञ्जिनियर हुनुहुन्छ। विदेश जाने सोचमा रहनुभएका उहाँ आमाबुबाको सपना साकार पार्नेतर्फ लाग्नुभयो । नौ महिनादेखि उहाँले राजधानीमा ‘कफीसप’ सञ्चालन गरेर श्रवणशक्ति नभएकाहरुले पनि समाजमा केही गर्न सक्छन्भन्ने गतिलो दृष्टान्त प्रस्तुत गर्नुभएको छ।

उद्यमी श्रेष्ठकी आमा सरुनाले उहाँलाई भाषामा र व्यवसायमा सघाउनुहुन्छ । “साथीहरू र आमाबुबाको उत्साहले कफीसप खोल्ने आँट गरेको हुँ”, श्रेष्ठ भन्नुहुन्छ, स्वदेशमा उद्यमी बनेर ठिकै गरेछु जस्तो लाग्छ।”

महाराजगन्ज चक्रपथ घर भएका ३६ वर्षे विराज खड्का ‘आई एम द गार्डेन र खड्का नर्सरी’ प्रमुख उद्यमस्थल हुन् । आमाले परम्परागत रूपमा सुरु गरेको नर्सरी व्यापारलाई उहाँले आधुनिकीकरण गर्नुभएको हो। सन् २०१२ मा उच्च शिक्षाका निम्ति बेलायत बेलायत जानुभएका उहाँ आमालाई व्यवसायमा सघाउन स्वदेश फर्कनुभयो।

जिज्ञासु स्वभावका खड्काले एक दिन आमाले नर्सरीमा व्यापार गरिरहेको नियाली रहनुभयो । आमाले विरुवा हुर्काउन गरेको सङ्घर्षले उहाँलाई प्रेरणा मिल्यो । आमाको उद्यम फस्टाएको थिएन तर उहाँले काम भने जारी नै राख्नुभएको थियो । आमालाई सघाउन दृढ निश्चय गरेर तीन रोपनीमा सुरु गरेको नर्सरी अहिले २० रोपनीमा विस्तार भएको छ । एक लाख २० हजारका बेर्ना प्रत्येक महिना उत्पादन भए जुन चितवन, पोखरा, विराटनगर, झापा, धरान, भैरवहा, बुटवल, दाङलगायत सहरमा बिक्री हुने गरेका छन्। “यो व्यवसाय भनेको आजै रोपेर भोलि फल पाइहाल्छु भन्ने होइन,” उहाँले भन्नुभयो, “व्यापारमा सफलता हालिस गर्न धैर्य आवश्यक छ।”रासस

# निजी हात्तीः पहिले रहर अहिले कहर, व्यवसायी मारमा



चितवन । सौराहाको होटल भिष्टा चितवनका दुई हात्ती अहिले बाघमारा वनमा राखिएका छन् । बढ्दो चिसोमा ती हात्ती खुला आकाशमुनि बाँधिएका छन् ।

निजी हात्तीका कारण जङ्गली हात्ती बस्तीमा आएको भन्दै ती हात्तीलाई वन क्षेत्रमा राखिएको हो। होटलमा हात्ती राख्नका लागि छानो हालिएको भए पनि अहिले राखिएका ठाउँमा त्यो सुबिधा छैन । होटल भिष्टा चितवनका सञ्चालक रमेश सिलवाल शीतलहरमा खुला आकाशमुनि हात्ती राख्नुपर्दा बिरामी हुने चिन्ता बढेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “पहिले पहिले हात्ती पाल्न रहर हुन्थ्यो, अहिले कहर भएको छ ।” उहाँले थप्नुभयो, “पालिएका हात्ती न आफ्नै हात्तीसारमा राख्न पाइएको छ, न बिक्री गर्न पाइन्छ, न कतै पठाउन सकिन्छ ।” पशुअधिकार भन्दै पर्यटकलाई घुमाउँदा समेत आरोप खेप्नुपरेको उहाँको गुनासो छ।

एउटा हात्तीलाई दुईजना माउते आबश्यक पर्दछ । यसका अतिरिक्त हात्तीलाई धान, पराल, भेली, चना, हरियो घाँस आदि जुटाएर पाल्नुपर्दा एक महिनामा रु एक लाखभन्दा बढी खर्च हुने उहाँले जानकारी दिनुभयो । यो मौसममा जङ्गली भाले हात्ती बस्ती पस्न थालेपछि स्थानीयले एकीकृत रुपमा हात्ती पाल्न दबाब दिँदै आएका छन्। जङ्गली हात्तीले होटल तथा व्यक्तिका घरमा मालिएका पोथी हात्ती खोज्दै बस्ती पस्ने गरेको स्थानीयको भनाइ छ। केही महिनाअघि देखि जङ्गली हात्ती ‘मकुना’ वस्ती छिर्दै आएको छ । पछिल्ला दिनमा निजी हात्ती सञ्चालकहरुमा आफूले पालेका हात्ती कसरी व्यवस्थित गर्ने भन्ने चिन्ता बढेको छ। चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएसँगै निकुञ्ज आसपासका क्षेत्रमा हात्ती पाल्न थालिएका हुन् ।

क्षेत्रीय होटल सङ्घ सौराहाका पूर्वअध्यक्ष दीपक भट्टराई एकीकृत रुपमा हात्ती पाल्नका लागि सरकारी तवरबाट सहयोग हुनुपर्ने बताउनुहुन्छ । यो समस्या अहिलेको मात्र नभएर विगतका वर्षहरुदेखि झेल्दै आएको उहाँको भनाइ छ । पूर्वअध्यक्ष

**यसका अतिरिक्त हातीलाई धान, पराल, भेली, चना, हरियो घाँस आदि जुटाएर पाल्नुपर्दा एक महिनामा रु एक लाखभन्दा बढी खर्च हुने उहाँले जानकारी दिनुभयो ।**

भट्टराईका अनुसार हात्तीको दैनिक आहार खर्च अत्यधिक बढेको, निकुञ्ज आउने पर्यटकको सङ्ख्या घटेको, पशुअधिकारका नाममा हात्ती चढ्नु अपराध हो भन्ने भाष्य सिर्जना गरिएको र जङ्गली हात्तीको आतङ्कका कारण आवश्यक स्याहारसुसारसहित घर कम्पाउन्डमा पाल्न नपाउने भएकाले हात्तीपालकहरुले अहिले अप्ठ्यारो अवस्था झेलिरहनु परेका छ।

‘जिप सफारी’ सहित हात्ती चढी दुर्लभ एकसिङ्गे गैँडा, बाघ, चराचुरुङ्गीलगायत अनेकौँ जीवजन्तु हेरी रमाउने पर्यटकका कारण चितवन राष्ट्रिय निकुञ्जमा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र बनेको बताउनुहुन्छ, क्षेत्रीय होटल सङ्घका अध्यक्ष गङ्गा गिरी बताउनुहुन्छ।

यसैगरी, स्थानीय पर्यटन तथा होटल व्यावसायी सिलवालका अनुसार हात्तीपालनमा संलग्न व्यवसायीलाई सहयोगसहित कुनै पनि किसिमको सहुलियत नदिने हो भने यो व्यवसायबाट सबै विस्थापित हुने र त्यसको नकारात्मक प्रभाव निकुञ्ज केन्द्रित होटल व्यवसाय, रोजगारी र राजस्वमा असर पर्ने भएकाले समयमै सम्बन्धित पक्षका ध्यान जान आवश्यक छ।

स्वदेश तथा विदेशमा समेत कहलिएको यो निकुञ्ज २०३० सालमा स्थापना भएको हो । सुरुका केही वर्ष निकुञ्जका हात्तीले पर्यटक घुमाउने गरेकामा पछिल्ला वर्षहरुमा क्रमशः निजी क्षेत्रबाट पालिएका हात्तीलाई पनि भित्र्याइएको छ।

कोभिडको महामारी अघिसम्म एउटा हात्तीको मूल्य भारतीय रु ८० लाखसम्म पर्ने गरेको व्यावसायीहरु बताउँछन् ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले यसरी हात्तीको दैनिक खर्च अत्यधिक हुने गरेको, विशेषगरी विदेशी पर्यटक हात्ती चढ्न छाडेको र यसअघिजस्तो आफ्नो घर कम्पाउन्डमा पाल्न नपाउने अवस्था सिर्जना भएकाले हात्ती पालक व्यवसायी मारमा परेका बताउनुहुन्छ । पर्यटकीयस्थल सौराहा आउने पर्यटकको सङ्ख्या कम हुन थालेपछि क्रमशः घट्दै एक सयबाट अहिले यहाँ ४५ वटा मात्र निजी हात्ती रहेको अध्यक्ष खतिवडाले जानकारी दिनुभयो । तीमध्ये ३० वटा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाअन्तर्गत रहेका छन् । अध्यक्ष खतिवडाले भन्नुभयो, “निजी जग्गामा राख्दा वरिपरि घर हुन्छ। सामुदायिक वा मध्यवर्ती वन क्षेत्रका खाली ठाउँ पाए हामी एकीकृत गरेर हात्ती राख्न तयार छौँ ।” सधैँका लागि एकीकृत ढङ्गबाट हात्ती राख्ने ठाउँको व्यवस्था भए आबश्यक संरचना व्यवसायी आफैँले बनाउने उहाँले बताउनुभयो । हात्ती व्यक्तिको भए पनि कानुनका हिसाबले हात्ती सरकारी सरह नै हुने गर्दछ । हात्तीको किनबेच, ओसारपसार, मरेपछिको व्यवस्थापन लगायतका काममा सरकारको प्रत्यक्ष निगरानी हुने व्यवस्था छ।

क्षेत्रीय होटल सङ्घका अध्यक्ष गिरी निजी हात्ती आफ्नो जमिनमा नराख भन्न नसकिने उल्लेख गर्दै एकीकृतस्थल व्यवस्थापनका पक्षमा पहल भइरहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “बाघमारा र चित्रसेन वनक्षेत्रभित्र हात्ती राख्नका लागि ठाउँ छुट्याई दिनसक्यो भने अहिलेको समस्या समाधान हुन्छ ।” सफारी पर्यटनमा हात्तीको भूमिका महत्वपूर्ण छ । यहाँ आउने पर्यटकले हात्ती चढेर तीनै दुई वनभित्र घुम्ने गर्दछन् ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्त निजी हात्ती व्यवस्थापनको बिषयमा छलफल भइरहेको बताउनुहुन्छ। एकीकृत रुपमा हात्ती राख्न सकेमा अहिले देखिएको समस्या केही हदसम्म कमी आउने उहाँको भनाइ छ।रासस

# अमेरिकी डलरको भाउ स्थिर, कुन विदेशी मुद्राको मूल्य बढ्यो कुनको घट्यो ?

काठमाण्डु। नेपाल राष्ट्र बैङ्कले सोमबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ।

अमेरिकी डलरको मूल्य सोमबार स्थिर छभने युरोपियन युरो, बेलायतको पाउन्ड स्टर्लिङ, सिङ्गापुर डलर, साउथ कोरियन वनको मूल्य बढेको छ। स्विस फ्र्याङ्क, क्यानेडियन डलर, क्यानेडियन डलर, स्विडिस क्रोनरको मूल्य घटेको छ। साथै अन्य विदेशी मुद्राको भाउ स्थिर छ। केन्द्रीय बैङ्कका अनुसार सोमबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३७ रुपैयाँ ६४ पैसा र बिक्रीदर एकसय ३८ रुपैयाँ २४ पैसा तोकिएको छ।

एक युरोको खरिददर एक सय ४४ रुपैयाँ ४४ पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ०७ पैसा, स्टर्लिङ पाउण्ड एकको खरिददर एक सय ७१ रुपैयाँ ८० पैसा र बिक्रीदर एक सय ७२ रुपैयाँ ५५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ९५ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ ६१ पैसा कायम गरिएको छ।अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ८७ पैसा र बिक्रीदर ८७ रुपैयाँ २५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ९५ पैसा र बिक्रीदर ९६ रुपैयाँ ३७ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय ०२ रुपैयाँ २६ पैसा र बिक्रीदर एक सय ०२ रुपैयाँ ७० पैसा निर्धारण गरिएको छ।रासस


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०८१/१०/१५

यस बैंकको शाखा कार्यालय यदुकुवा, धनुषाबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

तपसिल

**ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम** : **गणेश निर्माण सेवा**
रजिष्टर्ड ठेगाना : शहिदनगर नगरपालिका ६, धनुषा
रजिष्ट्रेशन नं. : १०७०७/६०७/०७५/०७६ (घरेलु तथा साना उद्योग कार्यालय, धनुषा)
पान नं. : ६०९१३०८९८

**प्रोप्राइटरको नाम र ठेगाना**

राम विलास ठाकुरको नाति, गणेश प्रसाद ठाकुर को छोरा, धनुषा जिल्ला, हठिपुर हडवारा गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०६ बस्ने **जय प्रकाश ठाकुर** (ना.प्र.नं. १७१०१८/१३०, जारी मिति २०६८।०१।१५, जि.प्र.का., धनुषा)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. मिठु ठाकुरको नाति, राम विलास ठाकुर हजाम को छोरा, सती देवी ठाकुरको पति धनुषा जिल्ला, हठिपुर हडवारा गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०६ बस्ने **गणेश प्रसाद ठाकुर** (ना.प्र.नं. ३५००१४७६, जारी मिति २०४१।०८।२०, जि.प्र.का., धनुषा)
२. राम विलास ठाकुर हजाम को बुहारी, शोभित ठाकुर हजाम को छोरी, गणेश प्रसाद ठाकुरको पत्नी धनुषा जिल्ला, हठिपुर हडवारा गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०६ बस्ने **सती देवी ठाकुर** (ना.प्र.नं. ३५००१७७९, जारी मिति २०४६।०३।१६, जि.प्र.का., धनुषा)
३. मिठु ठाकुरको बुहारी, राम विलास ठाकुर हजाम को पत्नी, धनुषा जिल्ला, हठिपुर हडवारा गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०६ बस्ने **तारा देवी हजामिन** (ना.प्र.नं. ३५००१६९४, जारी मिति २०४३।०९।२९, जि.प्र.का., धनुषा)
४. मिठु ठाकुरको नाति, राम विलास ठाकुर हजाम को छोरा, कन्चन कुमारी ठाकुरको पति धनुषा जिल्ला, हठिपुर हडवारा गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०६ बस्ने **सतीस प्रसाद ठाकुर** (ना.प्र.नं. १७३०१८/४५, जारी मिति २०६३।१०।११, जि.प्र.का., धनुषा)
५. मिठु ठाकुरको नाति, राम विलास ठाकुर हजाम को छोरा, धनुषा जिल्ला, हठिपुर हडवारा गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०६ बस्ने **उदित नारायण ठाकुर** (ना.प्र.नं. १७-०१-७१-०६९०५, जारी मिति २०७१।१२।०८, जि.प्र.का., धनुषा)
६. राम विलास ठाकुर हजामको नाति, गणेश प्रसाद ठाकुर को छोरा, धनुषा जिल्ला, हठिपुर हडवारा गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०६ बस्ने **ओम प्रकाश ठाकुर** (ना.प्र.नं. १७१०१८/१९, जारी मिति २०६५।०१।३१, जि.प्र.का., धनुषा)
७. राम विलास ठाकुर हजामको बुहारी, इन्द्र देव ठाकुर हजाम को छोरी, सतीस प्रसाद ठाकुर हजामको पत्नी, धनुषा जिल्ला, हठिपुर हडवारा गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०६ बस्ने **कन्चन कुमारी ठाकुर** (ना.प्र.नं. १७-०२-७३-०१०८४, जारी मिति २०७३।११।११, जि.प्र.का., धनुषा)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८



## क्षीरेश्वरनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का बन्दोबस्त सम्बन्धमा १५ दिने सूचना

पहिलो पटक प्रकाशित मिति २०८१/१०/१५

यस नगरपालिका अन्तर्गत रहेका निम्न पोखरीहरुको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलको शर्तहरुको अधिनमा रही इच्छुक नेपाली नागरिक, फर्म वा कम्पनीहरुको तोकिएको अवधि भित्र रित पुर्वक शिलबन्दी दरभाउपत्रमा भाग लिन १५ दिने (२०८१ सालको सम्झौता भएको दिन देखि २०८६ को अषाढ मसान्त सम्मको लागि) सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | विवरण | न्युनतम ठेक्का रकम रु. | शिलबन्दी फारम दस्तुर | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने समय र मिति | शिलबन्दी दरभाउपत्र खोल्ने मिति र समय | शिलबन्दी दरभाउपत्र खोल्ने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | लालचन दस पोखरी, क्षि.न.पा-२ | ५,०७,५००.०० | १०००.०० | १५ औ दिन कार्यालय समय सम्म | १६औ दिन दिनको १२ बजे सम्म | १६ औ दिन दिनको २ बजे | क्षि.न.पा को कार्यालय | |
| २ | सुखलाहिया पोखरी, क्षि.न.पा-१० | २,५१,५००.०० | १०००.०० | १५ औ दिन कार्यालय समय सम्म | १६औ दिन दिनको १२ बजे सम्म | १६ औ दिन दिनको २ बजे | क्षि.न.पा को कार्यालय | |

**शर्तहरू**

- शिलबन्दी दरभाउपत्र वापत प्रत्येक ठेक्काको छुट्टा छुट्टै रु १०००.०० को नगदी रसिद बुझाई यस कार्यालयबाट १५ दिन भित्र बोलपत्र फारम खरिद गरि सक्नु पर्ने छ।
- प्रत्येक ठेक्काको छुट्टा छुट्टै शिलबन्दी दरभाउपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक महेन्द्रनगर स्थित रहेको धरौटी खाता न. १२४०१००३०३००००२ मा नगद रकम जम्मा गरेको सक्कल बैंक भौचर साथ बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रतिलिपि र फर्मको हकमा प्यान दर्ता प्रमाण पत्र, इजाजत पत्र समेतको प्रितिलिपि पेश गर्नु पर्नेछ।
- शिलबन्दी दरभाउपत्र दाताले फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि खामबन्दी गरि शिल, लाहा छाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना र ठेक्का न. लेखि बोलपत्र फारम दर्ता गराउनु पर्नेछ।
- शिलबन्दी दरभाउपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ।
- शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य भोलि पल्ट ककार्यालय खुलेको दिन गरिने छ।
- न्युनतम ठेक्का रकम भन्दा सबभन्दा बढी ठेक्का रकम कबोल गर्ने शिलबन्दी दरभाउपत्रदाताको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ।
- शिलबन्दी दरभाउपत्र स्वीकृत पश्चात सम्झौता गर्न आउदा पहिलो किस्ता वापत कबोल अंकको ४० % रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक महेन्द्रनगर स्थित रहेको अन्तरिक श्रोतको खाता न. १२४०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर र बाकी २ किस्ता रकम बापतको दोस्रो किस्ता आ.व. २०८२/०८३ को अन्तिम महिना असार मसान्त अगावै, , तेस्रो किस्ताहरु ठेक्का आ.व. २०८३/०८४ को अन्तिम महिना असार मसान्त अगावै यस कार्यालय को अन्तरिक श्रोत खातामा बुझाई सक्कल बैंक भौचर बुझाउनु पर्नेछ।
- ठेक्का सम्झौता भइसकेपछि बन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा दिइने छैन।
- ठेक्केदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयका निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।
- शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने या नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।
- केरमेट भएको, सहि छाप नभएको, म्याद नाघी दर्ता हुने आएको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।
- शिलबन्दी दरभाउपत्र’ दाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णय लाई अन्तिम निर्णय मानिनेछ।
- यस सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
- सम्झौता गर्न ७ दिन भित्र नआएमा निजले राखेको ५ प्रतिशत धरौटी जफत गरिने छ।
- ठेक्काका अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र शिलबन्दी दरभाउपत्र फारम खरिद गर्दा उपलब्ध गराइने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# मदन रुञ्चेको गोदाममा सशस्त्र प्रहरीको छापा





**अनिल तिवारी**

वीरगञ्ज । प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको एक टोलीले एक ट्रन्सपोर्टको गोदाममा छापामारी गरि राजस्व छलेर भित्र्याइएको कपडा बरामद गरेको छ ।

नामुद तस्कर तस्कर मदन गुप्ता ऊर्फ रुञ्चेले वीरगञ्ज महानगरपालिका- १० स्थित आदर्शनगरमा सञ्चालन गर्दै आएको जय माँ दुर्गा करियरको गोदाम प्रहरीले छापा मारेको जनाइएको छ ।

छापमारीबाट लाखौँको अवैध सामग्री बरामद गरेको छ । प्रहरीले करिब ५१ लाख रुपैयाँ बराबरको अवैध कपडा र हार्डवेयरका सामान बरामद गरेको जनाइएको छ ।

सशस्त्र प्रहरीका प्रहरी नायब उपरीक्षक लोकेन्द्र सुब्बाको माण्डमा खटिएको टोलीले छापामारी गरि बरामद गरेको सामान आवश्यक कारवाहीको लागि वीरगञ्ज भन्सार कार्यालयमा पठाएको सशस्त्र प्रहरी बल १३ न. गणका सूचना अधिकारी नरेन्द्र धामीले बताए ।

स्थानीय प्रशासन तथा केन्द्रीय सत्तामा जस्तो सुकै बदलाव आएपनि मदन रुञ्चेको अनधिकृत कारोबार कहिल्यै अवरुद्ध नभएको जनाएका थिए ।

स्थानीय प्रशासनले तस्करी रोकिएको दावी गरिरहेकै अवस्थामा रुन्चेको गोदाममा गरिएको यो छापामारीले धरै कुरा बोलेको छ ।

गत वर्षको चैत ८ गते नेपाल प्रहरीले रुञ्चेको यही ट्रान्सर्पोटको गोदाममा छापा मार्दा १८ लाख रुपैयाँभन्दा बढीको अवैध कपडा बरामद गरेको थियो ।

त्यतिबेला रक्सौलबाट कपडा लोड गरेर वीरगञ्जतर्फ आउँदै गरेको अटोलाई प्रहरीले पछ्याएको थियो । दैनिक अटोमा कपडा र अन्य सामान भन्सार छलेर ल्याउने र भण्डारण गरिएको थियो ।

अनधिकृत कारोबारमा संलग्न रुञ्चेको पहुँच माथिसम्म रहेकोले उनको कारोबार कहिल्यै पनि बन्द नहुने गरेको जनाइएको छ ।

# चुरे समिति खारेज गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रपतिको नाममा रहेको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिले चुरे संरक्षण गर्न नसक्ने भन्दै चुरे समिति खारेज गर्न माग गरेको छ ।



सामुदायिक वन उपभोक्ता महासंघले सोमबार एक विज्ञप्ति जारी गर्दै राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति खारेज गर्नुपर्ने जनाएको छ ।

वन तथा वातावरण मन्त्रालयले चुरे क्षेत्रको व्यवस्थापन सम्बन्धी संस्थागत संरचनाका विषयमा अध्ययन गरिरहेको भन्दै ब्यहोराप्रति गम्भीर ध्यानाकर्षण भएको महासंघले नाएको छ ।

महासंघले सात बुँदे धारणा सार्वजनिक गर्दै सरकारले गठन गरेको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका माध्यमबाट चुरे क्षेत्र संरक्षण हुन नसक्ने र सो समितिका कारण चुरे क्षेत्र झनै विनाश हुनुका साथै वनमाथिको सामुदायिक वन उपभोक्ता समूहलगायतका स्थानीय समुदायको प्राकृतिक स्रोतमाथिको अधिकारमा समेत गम्भीर असर पर्दै आएको जनाएको छ । २०७१ असार २ गते ३६ जिल्लाको १२.७८ प्रतिशत चुरे क्षेत्रमा वातावरण संरक्षण ऐन २०५३ बमोजिम सामुदायिक वन उपभोक्ता समूह, आदिवासी जनजाति, महिला, दलित, मधेसी, थारु, मुस्लिम र वनमा जीवन निर्भर रहेका विपन्न वर्गको समेत अधिकार हनन हुने गरी चुरे वातावरण संरक्षण क्षेत्र घोषणा गरिएकोमा महासङ्घको असहमति जनाएको छ ।

> महासंघले सात बुँदे धारणा सार्वजनिक गर्दै सरकारले गठन गरेको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका माध्यमबाट चुरे क्षेत्र संरक्षण हुन नसक्ने र सो समितिका कारण चुरे क्षेत्र झनै विनाश हुनुका साथै वनमाथिको सामुदायिक वन उपभोक्ता समूहलगायतका स्थानीय समुदायको प्राकृतिक स्रोतमाथिको अधिकारमा समेत गम्भीर असर पर्दै आएको जनाएको छ ।

'सामुदायिक वनका माध्यमबाट नै हालसम्म चुरे क्षेत्रको दिगो संरक्षण र व्यवस्थापन हुँदै आएकोले चुरे क्षेत्रलाई वातावरण संरक्षण ऐन अन्तर्गत नराखी वन ऐन २०७६ अन्तर्गत राखी चुरे क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनका कार्यहरू सामुदायिक वनका माध्यमबाट नै हुनु पर्ने र यसका लागि चुरे क्षेत्रसम्बन्धी अलग्गै ऐन बनाउन नपर्ने', महासंघले जारी गरेको विज्ञप्तिमा जनाएको छ ।

महासंघले चुरे क्षेत्र विनाश हुने गरी खानी (ढुङ्गा, गिट्टी, माटो, बालुवा) उत्खनन अनुमति तथा प्राकृतिक स्रोतको दोहन हुने गरी र चुरेको वन क्षेत्रमा होटेल तथा केबलकार सञ्चालन लगायतका अनुमति प्रदान गर्ने कार्य तत्काल बन्द गर्न पनि माग गरेको छ ।

जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'चुरे क्षेत्रका सन्दर्भमा कुनै समन्वयकारी संयन्त्र आवश्यक भएमा उक्त संयन्त्रमा सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल र आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, मधेशी, थारु, मुस्लिम र वनमा जीवन निर्भर रहेका विपन्न वर्गको समेत अधिकार, प्रतिनिधित्व र सहभागिता सुनिश्चितता गर्नु पर्ने', महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

## कांग्रेसद्वारा तराई-मधेश समन्वय विभागमा १० सदस्य मनोनीत



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको तराई-मधेश समन्वय विभागको सदस्यमा १० जनालाई मनोनयन गरेको जनाएका छन् ।

पार्टीको विधान, २०१७ (संशोधनसहित)को धारा २५ (९) बमोजिम पार्टीका केन्द्रीय सदस्य किरण यादव प्रमुख रहेको विभागमा आज सोमबार १० सदस्य मनोनयन गरिएको छ ।

सो समितिको सदस्यहरुमा बाराका कृष्णवर्त सिंह, कपिलवस्तुका सहसराम यादव, सप्तरीका प्रमोदकुमार झा, नवलपुरका मोहनलाल कलवार, सुनसरीका श्यामदेव मेहता, सिराहाका अरुणकुमार सिंह, रौतहटका रामकृपाल यादव, काठमाण्डुकी दिलमाया अधिकारी, कञ्चनपुरका लालबहादुर राउत राय र सर्लाहीका उमेश चौधरीलाई मनोनीत गरिएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

सो विभागले तराई-मधेश क्षेत्रका पार्टी नेता, कार्यकर्ताबिच समन्वय गरी संगठन सुदृढीकरणमा सक्रिय हुने प्रमुख यादवले बताए ।

# युएसआइडी अन्तर्गतका कार्यक्रमको समीक्षासम्म स्थगित



**टुडे समाचारदाता**

काठमाण्डु । अमेरिकी अन्तर ाष्ट्रियविकासनियोग'युएसआइडी' अन्तर्गतका कार्यक्रम तीन महिनासम्मका लागि स्थगित गरिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सरकारले नेतृत्व गरेसँगै अमेरिकालेप्रादनगर्नेअनुदानहरूमा मूल्यांकन गर्न थालिएको छ । नेपाल युएसआइडी अन्तर्गत प्रायः कार्यक्रमहरू सञ्चालन भएका छन् ।

अमेरिकी दूतावासले गत शुक्रबार अर्थमन्त्रालयलाई पत्र लेखेर पुनः मूल्यांकनपछि मात्रै निर्णय दिने जानकारी गराउँदै अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले बताए ।

अमेरिकाले ९० दिनमा 'रिभ्यु' पुनर्मूल्यांकन समय राखेको अर्थका अधिकारीहरूले बताए । 'कार्यक्रम सञ्चालन नगर्ने भनेको होइन पुनर्मूल्यांकनपछि निर्णय दिने मात्रै भनिएको हो,' प्रवक्ता भट्टराईले भने ।

युएसआइडी अन्तर्गतका कार्यक्रम रिभ्यु गर्ने भनिए पनि एमसिसी लगायतका अन्य परियोजनाका विषयमा भने कुनै जानकारी गराइएको छैन ।

अहिले युएसआइडी अन्तर्गत करिब साढे नौ अर्ब रूपैयाँ बराबरको 'अन बजेट' कार्यक्रम नेपाल सञ्चालन गरिएको छ ।

सो कार्यक्रममा सरकारले बनाउने बजेटमा नै सहायता दिन्छ र सरकारले सम्बन्धित कार्यक्रममा खर्च गर्ने हो। यस बाहेक युएसआइडीले धेरै 'अफ बजेट' कार्यक्रम सञ्चालन गर्छ ।

यूएसआइडीले सबै भन्दा बढी बजेट शिक्षा, स्वास्थ्य, कृषि र तथ्यांकमा खर्च गर्दै आएको छ ।

# मठ-मन्दिरको जग्गामा भूमाफियाहरूको नजर

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामका ऐतिहासिक मठमन्दिरहरु अहिले संकटमा पर्न थालेका छन् । सो मठमन्दिरको जग्गामा भू-माफियाहरुको नजर परेपछि अहिले धार्मिक ऐतिहासिक



जग्गाहरुको अस्तित्व नै संकटमा परेको छ । महन्त स्वमय् आफ् नो मठमन्दिरको जग्गा संरक्षणका लागि सम्बन्धित निकायलाई गुहार्दा पनि कसैले पनि आश्वासनसमेत दिन सकेका छैनन्। बरु गुठी संस्थानको भूमिका पनि मौन देखिनुले विभिन्न अड् कलवाजी स्थानीवासीहरुबीचमा शंका भइरहेको छ ।

जनकपुरधामस्थित सिया रघुनाथ सदन मन्दिरको जग्गा अतिक्रमित गरी खुलेआम भवनहरू निर्माण भइरहे पनि सरोकारवालाहरु मौन देखिएका छन् । अवैध निर्माणाधिन भवनलाई रोक्न कुनै पनि निकायले पहलकदमी सत लिएका छैनन् । जनकपुरधामको रामानन्दचोक नजिकै अवस्थित बिहारकुण्डअन्तर्गत सिया रघुनाथ सदनको जग्गामा भू-माफियाहरूले अवैध रूपमा निजी घरहरू निर्माण गरिरहेका छन् । यो प्रक्रिया बिना कुनै कानुनी अनुमति र बिना उपमहानगरपालिकाको इजाजत भइरहेको छ। तर स्थानीय प्रशासन भने मौन रहेको देखिन्छ ।

मन्दिरका महन्त नामदेव शरणको नाममा रहेको कागजातलाई आधार बनाएर भू-माफियाहरूले एकपछि अर्को भवन ठड्याइरहेका छन् । सिया रघुनाथ सदनको खेतीयोग्य जग्गा जुन मन्दिरको पूजा, महन्तहरूको भोजन तथा अतिथिको स्वागत सत्कारका लागि दिइएको थियो । अहिले सो जग्गा अतिक्रमणमा परेको छ । करिब १९ करोड रुपैयाँभन्दा बढी मूल्य रहेको सो जग्गामा भू-माफियाहरूले बिना जानकारी अवैध रूपमा भवन निर्माण गर्नेहरूबाट प्रतिधुर लाखौँ रुपैयाँ असुली रहेको आरोप छ ।

संघीय सरकारका प्रतिनिधिहरूले महन्त शरणको उजुरी उपमहानगरपालिकालाई पठाइसके पनि अहिलेसम्म कुनै किसिमको कारबाही प्रक्रिया अगाडि बढाइएको छैन । स्थानीय नेताहरूले चुनावको समयमा मठ-मन्दिरका जग्गाको रक्षा गर्ने वाचा गरे पनि अहिले उनीहरू मौन छन् ।

सिया रघुनाथ सदन मन्दिरको महन्त शरणले अवैध संरचनाविरुद्ध उजुरी दिए पनि भू-माफियाहरूको धाकधम्कीका कारण उनीहरुले मन्दिरको सुरक्षाका लागि सिसिटीभी जडान गर्न बाध्य छन् । यसका बावजुद अवैध रूपमा घरहरू निर्माण हुने क्रम नरोकिएको स्थानीयवासीहरु बताउँछन् ।

महन्त शरणले उपमाहानगरपालिकाको कार्यालयमा अवैध संरचना बनाइरहेका १७ जनाविरुद्ध अर्को उजुरी दिएका छन् ।

# भारतीय महावाणिज्य दुतावासले मनायो ७६औं गणतन्त्र दिवस




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगन्ज स्थित भारतीय महावाणिज्य दुतावासले ७६ औं गणतन्त्र दिवस धुमधाम साथ मनाएको छ । आइतवार बिहान महावाणिज्य दुतवास परिसरमा आयोजित कार्यक्रममा भारतीय महावाणिज्य दुत देवी सहाय मिनाले भारतको राष्ट्रध्वज फहराउनु भएको थियो ।

यसबर्ष 'स्वर्णिम भारत-विर ासत र विकास' भन्ने नारासहित भारतले गणतन्त्र दिवस मनाएको छ ।भारतीय महावाणिज्य दुतावासमा आयोजित गणतन्त्र दिवस कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका महावाणिज्य दुत देवी सहाय मिनाले गणतन्त्र दिवसको अवसरमा भारतीय महावाणिज्य दुतावासको तर्फबाट गणतन्त्र दिवसको शुभकामना व्यक्त गर्नुका साथै भारतीय राष्ट्रपति श्रीमति द्रोपति मुरमुरले देशको नाम व्यक्त गर्नुभएको सन्देश बाचन गनुभएको थियो ।

गणतन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रममा बीरगंजका ११ वटा विद्यालय र कलेजका १०० भन्दा बढी विद्यार्थीहरूले देशभक्तिपूर्ण गीत र नृत्यहरू प्रश्तुत गरेका थिए ।जसले गर्दा कार्यक्रममा सहभागी सवैलाई मनमोहक बनाएको थियो ।

कार्यक्रममा भारत सरकारको विदेश मन्त्रालयद्वारा ११ नोभेम्बर देखि ११ डिसेम्बर २०२४ सम्म आयोजित पाँचौं भारतको जानिए क्विजका विजेताहरू तथा गणतन्त्र दिवसको पूर्वसन्ध्यामा वाणिज्य दूतावासद्वारा आयोजित चित्रकला प्रतियोगिताका विजेताहरूलाई पनि सम्मान गरिएको थियो ।

गणतन्त्र दिवसको अवसरमामा आयोजित कार्यक्रममा भारतीय दुतावासका पदाधिकारी तथा कर्मचारी,बारा पर्साका सुरक्षा अधिकारी ,उद्योगपति, व्यवसायी, छापा तथा इलेक्ट्रोनिक मिडियाका संचारकर्मि , विद्यालयका शिक्षक, विद्याथी, नागरिक समाज र नेपाल-भारत मैत्री संघका पदाधिकारी सहित विभिन्न क्षेत्रका व्यक्तिहरूको उत्साहजनक उपस्थिती रहेको थियो ।

सन् १९४७ को अगस्ट १५ तारिखमा बेलायती उपनिवेशबाट स्वतन्त्र भएको भारत सन् १९५० को जनवरी २६ मा संविधान जारी भएसँगै गणतन्त्रात्मक देश घोषित भएको थियो ।

# श्रीमतीको उपचारका लागि भौँतारिदै पाचु



**मनोज माझी**

राजविराज । दुवै मृगौला काम नगर्ने भइ उपचाररत श्रीमतीको ज्यान बचाउन श्रीमानले सहयोगको याचना गरेका छन् । विगत तीन वर्षदेखि मृगौला रोगले पीडित सप्तरीको राजविराज नगरपालिका- ९ स्थित मलेठकी ३९ वर्षिया ललिता देवी सुतिहारलाई बचाउन श्रीमान ४५ वर्षिय पाचु सुतिहारले यस्तो याचना गरेका छन् ।

साइकलमा श्रीमती बोकेर विगत २ महिनादेखि घरबाट ३ किलोमिटर टाढा रहेको गजेन्द्रनारायण सिंह अस्पतालमा हप्ताको ३ दिन डायलासिस उपचारका लागी पुग्ने गरेका पाचुले आर्थिक अभावका कारण उपचारमा समस्या भएको बताएका छन् ।

उनका अनुसार ललिताको तीन वर्ष पहिले पेट र मुटु दुखेको थियो । सुरुमा राजविराज, धरान र विराटनगरमा भएको उपचारले खासै सुधार हन सकेन । त्यसपछि काठमाण्डौ र भारतको दिल्ली सम्म लगी उपचार गराइएको थियो । त्यहाँ उपचारका त्रममा दुवै मृगौलाले काम नगरिरहेको पत्ता लागेको थियो ।

उनका अनुसार उपचारमा अहिलेसम्म ७ लाख रुपैया खर्च भइसकेको छ । चिकित्सकले तत्काल उनको मृगौला प्रत्यारोपण गराउन सुझाव दिएको श्रीमान पाचुको भनाइ छ । ललिताका अनुसार ६४ वर्षिय बुवा लक्ष्मणले मृगौला दिन लागेका हुन । अहिले सम्मको स्वास्थ्य परिक्षण रिपोर्ट अनुसार बुआ लक्ष्मणले मृगौला दिन मिल्ने देखिएको चिकित्सकहरुको भनाई रहेको ललिताले सुनाइन् ।

भक्तपुरस्थित शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा मृगौला प्रत्यारोपणका लागी नाम दर्ता गराए पनि रकम अभावमा लिएर जान नसकेको पाचुले बताएका छन । "चिकित्सकले मृगौला प्रत्यारोपणमा लाग्ने खर्च र तत्काल खाने औषधि समेत गरी करिब ११ लाख रुपैया लाग्ने, भनेका छन, पाचुले भने-डायलासिसका लागी अस्पताल सम्म पुऱ्याउन अटो भाडा सम्म नहुदाँ श्रीमतीलाई साइकलमा बोकेर लैजानु परेको बेला त्यत्रो ठूलो रकम जोहो गर्नू त कल्पनै गर्न सकिन्न ।"

उनी फर्निचर उधोगमा काम गर्ने मजदुर हुन । सामान्य आर्थिक अवस्थामा ऋण सापटी लिएर अहिलेसम्म उपचार गराउन सकिएको उनको भनाई छ। श्रीमतीको यस्तो अवस्था भएपछि दुई सन्तानको पढाई पनि रोकियो, काममा पनि फर्किन सकिएन र अहिले घर व्यवहार पनि चलाउन समस्या छ, उनले भने-श्रीमती बचाउने अन्तिम प्रयासमा भए भरको घर र सबै सम्पति सकियो, अब कुनै उपाय रहेन ।"

आफ्नो पत्नीको जीवन रक्षाका लागि सबैसँग सहयोगको हात फैलाउँदै उनले सहयोग गर्न चाहने इच्छुक ब्यक्तिले पीडितको नाममा माछापुच्छ्रे बैंकमा रहेको खाता नं. ०५३०९८६२३२७०००१८ मा रकम जम्मा गरी सहयोग गर्न आग्रह समेत गरेका छन । त्यसै गरी मोबाईल नं ९८१९७४०८१८ मा पनि सर्म्पक गर्न उनले आग्रह गरेका छन् ।

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**

- जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔं,
- बोटविरुवा लगाऔं हरियाली प्रर्वधन गरौं,
- नविकरणीय उर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरुको संरक्षण गरौं,
- वनजङ्गलको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८